# विद्यार्थीको सिकाईमा अभिभावक शिक्षाको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय
पाठ्यक्रम तथा मूल्यांङ्कन विभाग अन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्षको
आवश्यक्ता परिपुर्तिका
लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता
देवकुमारी राई
क्याम्पस रोल नं.: ७१
सि.नं.: २१८००१५
त्रि.वि.दर्ता नं.: १००१९-९२
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०७२

# विद्यार्थीको सिकाईमा अभिभावक शिक्षाको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय
पाठ्यक्रम तथा मूल्यांङ्कन विभाग अन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्षको
आवश्यक्ता परिपुर्तिका
लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता
देवकुमारी राई
क्याम्पस रोल नं.: ७१
सि.नं.: २१८००१५
त्रि.वि.दर्ता नं.: १००१९-९२
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०७२


शोधपत्र बुझाएको मितिः
वि.सं.: २०७२/०४/२५
इ.सं.: १०/०८/२०१५

भाइवा मितिः
वि.सं.: २०७२/०८/०८
इ.सं.: २४/११/२०१५

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय
पाठ्यक्रम तथा मूल्यांङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यक्ता परिपुर्तिका लागि "विद्यार्थीका शिक्षामा अभिभावक शिक्षाको प्रभाव" शीर्षकको शोधपत्र देवकुमारी राईले मेरो सल्लाह र निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक्ता मुल्यांकनका लागि समिति समक्ष सिफारिस गर्दछु ।

श्री टोलनाथ काफ्ले
शोध निर्देशन
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

मितिः ...................................

त्रिभुवन विश्वविद्यालय शिक्षा संकाय
पाठ्यक्रम तथा मूल्यांकन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा संकाय पाठ्यक्रम तथा मुल्यांकन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपुर्तिका लागि ‘‘विद्यार्थीका शिक्षामा अभिभावक शिक्षाको प्रभाव’’ शिर्षकको शोधपत्र प्रस्तावन तयार गरी स्वीकृतिका लागि पेश गर्दछु ।

**मूल्यांकन समिति**

१. श्री टोलनाथ काफ्ले
(विभागिय प्रमुख) ........................................

२. श्री राजन शर्मा
(शोध निर्देशक) ........................................

३. वाहय सुपरिवेक्षक
........................................

मितिः- २०७१/ /

# कृतज्ञता

प्रस्तुत 'विद्यार्थी सिकाइमा अभिभावक शिक्षाको प्रभाव' शीर्षकको शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय पाठयक्रम तथा मूल्यांकन विभाग स्नातकोत्तर तह दृतिय वर्षको आवश्यक्ता परिपुर्तिका लागि तयार पारीएको हो । यस शोधपत्र लेखनमा महत्वपुर्ण सुझाव, सल्लाह उपाय, प्रेरणा र हौसला प्रदान गरिदिनु हुने आदर्नीय गुरु दय श्री टोलनाथ काफ्ले, श्री राजन शर्मा लगायत सम्पुर्ण जनता बहुमुखि क्याम्पसका अदेय गुरुहरु प्रति म आभार ब्यक्त गर्न चाहान्छु ।

तथ्यांक संकलन कार्यमा सहयोग गरी समय र सहयोग प्रदान गर्नु हुने प्र.अ.शिक्षक, अभिभावक, व्यावस्थापन समितिका पदाधिकारी लगायत, विद्यार्थीहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

मेरो पठनपाठन कार्यमा हरदम उत्साह प्रेरणा, र सहयोग प्रदान गरी मलाई सफल तुल्याउने मेरा आदर्नीय बाबा श्री आशकुमार राई आमा श्री शान्ति राई साथै मेरा जीवनसंगी श्री विष्णुराम राई प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा शोध पत्र तयार गर्न सुझाव सल्लाह दिनु हुने मित्र निर्मला मिस भरोसी सर तथा कम्प्युटर सहयोगी पुष्पराज राई लाई पनि धन्यवाद दिन चाहन्छु ।

देवकुमारी राई

२०७१

# शोधसार

शिक्षा सिकाउने र सिक्ने निरन्तर प्रक्रिया हो भने सिकाई पस्चात निस्चित उपलब्धि प्राप्त गर्नु यस प्रक्रियाको उदेश्य रहेको हुन्छ । जसले कुनै पनि शिक्षित ब्यक्तिलाई जीवन र जगत प्रतिको दृष्टिकोण निर्माण गर्न र ब्यवहारिक ज्ञान, जीवन उपयोगि सीप र आर्थिक दक्षता हाँसिल गरी गुणस्तरीय जीवन जिउने मद्दत पु¥याउँदछ । यस शिक्षण सिकाई पद्धतीमा शिक्षक, विद्यार्थीको महत्वपुर्ण सम्बन्ध रहनुका साथै अभिभावक शिक्षाले पनि विद्यार्थीका कक्षागत उपलब्धि बढाउनमा उत्तिकै सहयोग गर्ने कुरालाई यस अध्ययनले पुष्टि गर्ने प्रयास गरेको छ ।

हाम्रो समाजमा रहेको सामूदायिक तथा संस्थागत विद्यालयहरुको उपलब्धिहरुलाई तुलना साथै अभिभावका शैक्षिक स्तरसँग विद्यालय र विद्यालयको सम्पुर्ण वातावरणलाई कसरी प्रभाव परिरहेको छ भन्ने कुराको खोज तथा सर्वेक्षण अध्ययन गरी आउँदा दिनहरुमा विद्यार्थीको उपलब्धि स्तर बृद्धि गराउन सूभ्काव गरिने कार्य योजनाहरुलाई पनि यस अध्ययनले मार्ग निर्देशन गरेको छ । यस अध्ययनले शैक्षिक स्तर अनुसार अभिभावक र उनीहरुको बालबच्चाको उपलब्धि स्तरको सम्बन्धलाई स्पष्ट पारिदिएको छ ।

अभिभावक शिक्षा कै कारण विद्यार्थी अनियमित हुने तथा सिप सिक्ने स्तर निर्धारण हुने तथा अन्तरक्रियात्मक ब्यवहारको विकास हुने, अनुशासन कायम गर्ने, भाषिक ज्ञानको क्षमता निर्धारण हुने, आफ्नो स्वाभावको परिवर्तन गर्न सक्ने र आफ्नो वरपरको ब्यक्ति तथा परिवेशसँग अन्तरसम्बन्धित ब्यवहारलाई सन्तुलित रुपमा प्रदर्शन गर्न सक्ने जस्ता क्षमताको बिकास गर्न सहयोग पु¥याउने कुराको जानकारी यस अध्ययनको निष्कर्शले बताएको छ ।

त्यसैले एक सिकारुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउने कार्य शिक्षक लगायत अभिभावक दुबैको उत्तिकै जिम्मेवारपुर्ण भूमिका रहेको कुरालाई यस अध्ययनले प्रमाण स्वरुप प्रस्तुत गरेको छ भने विद्यालय र घर वरपरको आर्थिक सामाजिक वातावरणले पनि विद्यार्थीको उपलब्धि स्तरलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पारेको तथ्य यस अध्ययनबाट प्राप्त भएको छ ।

## विषयसूचि


| क.सं. | परिच्छेद - १ | पेज नं. |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनको उदेश्य | ६ |
| १.५ | अध्ययनको परिसिमा | ७ |
| १.६ | विशिष्ट शब्दावलीहरुको परिभाषा | ७ |
| | परिच्छेद - २ | |
| २.१ | सम्बन्धित साहित्यको सैधान्तिक खाका | ८ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| | परिच्छेद - ३ | |
| ३.१ | अनुसन्धान ढाँचा | १२ |
| ३.२ | अध्ययनको जनसंख्या | १२ |
| ३.३ | नमूना छनौट | १२ |
| ३.४ | तथ्यांक संकलन श्रोत | १३ |
| ३.५ | तथ्यांक संकलन साधनहरु | १३ |
| ३.६ | साधनहरुको बैधता | १३ |
| ३.७ | तथ्यांक संकलन प्रक्रिया | १४ |
| ३.८ | तथ्यांक विश्लेषण प्रक्रिया ढाँचा | १४ |
| | परिच्छेद - ४ | |
| ४.१ | अध्ययन श्रेत्रको परिचय | १५ |
| ४.२ | नमूना विद्यालयको परिचय | १५ |

परिच्छेद - ५


५.१ अभिभावक शिक्षाले विद्यार्थी उपलब्धि स्तरमा पार्ने प्रभाव १७

- साक्षर अभिभावक र विद्यार्थी उपलब्धी १९
- प्रा.वि.तह सम्म अध्ययनरत अभिभावक र विद्यार्थी उपलब्धी २०
- नि.मा.वि.तह सम्म अध्ययनरत अभिभावक र विद्यार्थी उपलब्धी २१
- मा.वि. तह सम्म अध्ययनरत अभिभावक र विद्यार्थी उपलब्धी २२
- उच्च मा.वि. तह सम्म अध्ययनरत अभिभावक र विद्यार्थी उपलब्धी २३
- अभिभावक शिक्षा र विद्यार्थी उपलब्धी बक्ररेखा २४

५.२ उपलब्धी बढाउन अभिभावको भूमिका २५

५.२.१ अभिभावक शिक्षा र विद्यार्थी नियमितता २५

५.२.२ अभिभावक शिक्षा र पेशा निर्धारण २५

५.२.३ विद्यार्थीको परीक्षाफल पश्चात सम्पर्क गर्ने अभिभावक २६

५.२.४ अभिभावक शिक्षा र विद्यार्थीका बिषयसँग सम्बन्ध २८

५.२.५ प्र.अ.को धारणा ३२

५.२.६ अभिभावक शिक्षा र विद्यार्थी स्वाभाव अध्ययन ३२

५.२.७ विद्यार्थी उपलब्धि स्तर बढाउन नि.ब्या.सं को धारणा ३४

५.२.८ विद्यार्थी उपलब्धि बढाउने सम्बन्धमा शिक्षकको धारणा ३५

५.२.९ विद्यार्थी उपलब्धि प्रति प्र.अ.को धारणा ३५

५.२.१० विद्यार्थीको नजरमा उपलब्धि स्तर सम्बन्ध स्व मूल्यांकन ३६

५.२.११ उपलब्धि स्तर कम हुने कारणहरु तथा योजना ३६


परिच्छेद - ६


प्राप्ति, निष्कर्ण र सूझावहरु

६.१ प्राप्ति ३९

६.२ निष्कर्ष ४१

६.३ सूझावहरु ४२

**सन्दर्भ सामग्रीहरु**

परिशिस्टहरु

विद्यालयको प्राप्तांक रेकर्डहरु

# परिच्छेद - एक

## परिचय

### १.१ अध्ययनको परिचय

शिक्षा ज्ञान तथा सिप सिक्ने र सिकाउने पद्धति वा प्रक्रिया हो । जन्मे देखि नमरुन्जेलसम्म शिक्षा निरन्तर रुपमा चलिरहन्छ । शिक्षा परिवर्तनशिल छ । परिवर्तन बिकासको संज्ञा हो । बिकास गतिसिल हुन्छ । हिजो आज र भोलिको गतिसिल ज्ञानको मुहान, चेतनाको सम्बाह तथा राष्ट्र निमार्णको पुर्वाधार शिक्षा हो ।

शिक्षाले व्यक्तिलाई जीवन र जगत प्रतिको दृष्टिकोण निर्माण गर्न तथा व्यवहारिक ज्ञान जीवन उपयोगी सिप र आर्थिक दक्षता हाँसिल गरेर गुणस्तरिय एवम् सार्थक जीवन जिउन सक्षम् यो अधिकारबाट कोहि बन्चित हुन हुदैन भन्ने विश्वव्यापी नारा हाम्रो देश नेपालले पनि अनुमोदन गर्दै आएको छ । फलस्वरुप "सबैको लागि शिक्षा" कार्यक्रम (२००४-२००९) अनौपचारिक शिक्षा नीति-२०६३, विशेष शिक्षा नीति २०५३ लागु गरिएको थियो ।

शिक्षा परिवर्तनशील प्रक्रिया हुनाले समय अनुकूल यसको स्वरुप परिवर्तन हुदै आएको तथ्य ईतिहाँसमा लेखिएको छ । नेपालको इतिहाँसमा शिक्षालाई तीन कालखण्डमा बिभाजन गरेर अध्यायन अध्यापन गरिदै आएको छ ।  गुरुकुल शिक्षा, मल्ल कालिन शिक्षा र आधुनिक शिक्षा, यी सबै युगका शिक्षाका उद्देश्य मानव सभ्यतासँगै आयको परिवर्तन स्विकारी आफुलाई समायोजन गराउनु सक्नु नै थियो। तर नेपालको जहानिय राणा सामन्ती शासकहरुले नेपाललाई १०४ वर्ष सम्मको लामो अन्धकारमा जकडेर राख्यो । यो समयलाई अर्थात बि.सं.२००७ साल भन्दा अगाडिको एकसय चार वर्षको युगलाई नेपालको शिक्षाको कालो युग मानिन्छ । बि.सं. २००७ साल पछिको प्रजातन्त्रको प्रादुर्भाव पछि जनताको चेतना स्तरमा बृद्धि हुन थाल्यो । गाँऊ गाँऊहरुमा बिद्यालयहरु खुल्न थाले । सर्वसाधारण जनताका छोराछोरीले पढ्न पाउने अवस्थाको सृजना भयो । क्रमिक रुपले शिक्षाको बिकास निरन्तर अगाडि बढिरहेको थियो । बि.सं.२०१३ सालमा फेरी एउटा परिवर्तन आयो । जहाँ राजा महेन्द्रको पञ्चायती सासन प्रणाली हावी भयो । जसमा थुप्रै पञ्च वर्षिय योजनाहरुमा शिक्षा नीतिलाई पनि अगाडि बढाउने प्रयासहरु भयो । र सामुदायिक बिद्यालयहरुको संख्या क्रमिक रुपले थपिदै यस अवस्थासम्म आईपुग्यो । संस्थागत बिकाससँगसँगै शिक्षामा धेरै चुनौतीहरु आईरहन्छन् । किनकी शिक्षा परिवर्तनको प्रमुख सम्बाहक हो । शिक्षाले परिवर्तन खोज्दछ र विकाससँगसँगै आमुल परिवर्तन स्वीकार गर्दछ । शिक्षा क्षेत्रमा देखिएका विभिन्न बिकृतिहरुलाई सुधारमा ल्याउन राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ लागु गरियो । २०२८ साल देखि २०३२ सालमा संगठनात्मक विकाससँगै अगाडि बढेको शिक्षा आज बिश्वव्यापीकरण शिक्षासम्मको फडको

मारिसकेको अवश्था छ । राणा तानासाही शिक्षा, प्रजातन्त्र, पञ्चायत, बहुदलिय प्रजातन्त्र, लोकतन्त्र हुदै आज गणतन्त्रात्मक शासनकालमा राष्ट्र गुज्रिरहेको अवस्था छ । विकास र शिक्षा निरन्तर चलिरहने प्रक्रिया हुँदा यसको परिवर्तन जारी छ । कक्षा १ देखि कक्षा ८ सम्मका बिद्यार्थीहरुलाई आधारभूत तहमा राखी कक्षा ९ देखि कक्षा १२ सम्मको बिद्यार्थीलाई माध्यमिक र उच्च माध्यमिक तहमा विभाजित गरि अध्ययन अध्यापन गरिदै आएको अवस्था छ । यो अवस्थासम्ममा आइपुग्दा बालबालिकाको शिक्षामा अभिभावक शिक्षाको महत्वलाई न्युन रुपमा लेखाजोखा गरेको पाईन्छ ।

(श्रोतः अभिभावक मासिक २०५६)

अभिभावक शिक्षा भन्नाले आमा बुवाको शिक्षा हो । बालबालिकाको पहिलो गुरु आमाबुवा हुन् र पहिलो पाठशाला घर हो । उनीहरुको चौतर्फी बिकासमा आमाबुवाको प्रमुख दायित्व रहेको हुन्छ । बालबालिकाको सबै भन्दा सम्बेदनशील अवस्थाहरु अभिभावकसँग गाँसिएको हुन्छ हरेक आवस्यक्ताको पूर्ति आमाबुवाले गर्दै आएका हुँदा उनीहरुको शिक्षा विकासमा आमाबुवाको महत्वपुर्ण भूमिका रहने कुरा (चिरन्जीवी शर्मा २०७१, अभिभावक शिक्षा) ले बताउँदछ ।

बालबालिकाको शिक्षामा अभिभावक शिक्षाको महत्वको आजको नयाँ धारणा होइन। छोराछोरीको पहिलो गुरु आमा बुबा नै हुन भन्ने कुरा प्राय ऐतिहाँसिक काल देखि नै मानिदै आएको छ । पहिलो औपचारिक अभिभावक कक्षा सञ्चालन सन् १८१५ मा संयूक्त राज्य अमेरीकाबाट सुरुवात भएको हो । जुन कक्षामा ३ प्रकारका विद्यार्थी हुन्छन् भनिएका थिए । क) विलकुल र डिप्राईम चायल्ड ख) राम्रो स्वभाव भएका (नेचरल्ली गुड)

ग) चायल्ड एज (ब्ल्याङ्क चायल्ड)

PTA सन १८९७ ताका अमेरिका राज्यको सामुदायिक विद्यालय शिक्षक अभिभावक संघको स्थापना भएको थियो । जसले आजसम्म सक्रिय रुपमा विद्यालयमा क्रियाकलापहरुमा सहभागी भएर कार्य गरिरहेका छन् । (Butts and cremin -1953)

समान शिक्षा पाउनु पर्दछ भन्ने कानूनी मान्यताको आवाज १९७५ देखि सुरुवात भए । जसले गोरा र सेता वालकहरु बीचको विभेदलाई समान राख्ने प्रयत्न गरेको थियो ।

(Wirt & Kirt 1975) अभिभावक सहभागिताको शिक्षामा सन् १९०० सौ सताब्दीबाट सुरुवात भएको हो । १९९० ताका अभिभावकले बिद्यार्थीका आधारभूत तह र माध्यमिक तहमा हुनु पर्दछ भन्ने मान्यताको प्रार्दुभार शिद्ध टाइलरले दिएका हुन् (१९९२) अभिभावक शिक्षाले विद्यार्थीका उपलब्धीको तत्वको रुपमा (Parental education as a factor in academic achivement) ब्याख्या विश्लेषण गरिएको छ । शिक्षित अभिभावकले आफ्ना वालवालिकासँग धेरै कुरा र धेरै अध्ययन गर्दछ 'The London review of education, Jacquielynne S. Eoceles and Pamela E. Davis Keare'

सिकाईको सुरुवातमा अभिभावक जटिल शब्दहरु भाषामा प्रयोग गर्दछ, धेरै शब्दभण्डार भएका हुन्छन् र त्यही भाषा बालबालिकासँग प्रयोग गर्दछन् त्यसकारण बालबालिकाले पनि भाषिक सीप शब्दावली र अर्न्तद्रिष्टका सीपहरुलाई छिटै बुझ्न सक्दछन् । (Samantha Hanly, Demand Media) फलस्वरुप शैक्षिक शत्रमा सफल हुँने गर्दछन्।

ऐतिहासिक कालको शिक्षाले गुरुचेलामा अनुसासन र सिमित सीपमा शिक्षा आधारित थियो भने आजको आधुनिक कालको शिक्षाको विषयहरु फराकिलो र विस्वब्यापी रुपमा अगाडि बढिरहेको अवस्थामा छ । यी सम्पूर्ण अवस्थाहरुलाई अभिभावकहरुले बुझेर सामान्य रुपले आफ्ना बालबालिकाहरुको सिकाई उपलब्धि बुझ्न सकिने उपायहरुको सहयोगी भूमिका निर्वाह गर्न मद्दत पुऱ्याउनु पर्दछ ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उपलब्धि स्तर बढाउन शिक्षा नीति र नियमावलीहरुमा बिद्यालयमा अभिभावकहरुको प्रत्यक्ष अनिवार्य सहभागिता उल्लेख गरिएको छ ।( शिक्षा नियमावली-२०६६) जस अर्न्तगत समुदायमा हस्तान्तरण भएका प्रत्येक विद्यालयमा शिक्षक, अभिभावकहरु बिचको समन्वय सुधार गरि अधिकतम् उपलब्धि हाँसिल गर्न मद्दत मिल्ने उद्देश्य राखिएको थियो । शिक्षाको यो अभियान सफल हुन सक्यो वा सकेन लेखाजोखा हुन बाँकी छ । संस्थागत विद्यालयहरुको तुलनामा सामुदायिक विद्यालयको बिद्यार्थी उपलब्धि स्तर न्यून रहनुको तार्किक जवाफ अहिलेसम्म शिक्षकले मात्रै लिनु पर्ने बाध्यता छ । जहाँ अभिभावकले आफ्ना वालबालिकाको जिम्मेवारी कतिसम्म लिने कुराको कुनै बिषय नै उठान हुदैन । जबकि प्रत्येक सामुदायिक विद्यालयका शिक्षक शतप्रतिशत तालिम प्राप्त, आयोगको परिक्षा उर्तिण, सक्षम, अनुभवि रहेको आँकडा छ ।(शिक्षक पत्रिका मासिक २०७०) नेपालको साक्षरता दर ६५.९ प्रतिशत मध्ये कति प्रतिशत उच्च माध्यमिक स्तरको शिक्षा उत्तीर्ण गरेका छन् भन्ने कुनै तथ्य पाइदैन । वास्तवमा नै साक्षर भएर मात्रै अबको समयमा आफ्ना बालबालिकालाई उचित शैक्षिक खुराक दिन नसकिने अवस्था छ । यो कुराको जानकारी अवका पिडीलाई दिन आवश्यक छ ।जब अभिभावक साक्षर मात्र छन् भने विद्यालयमा कक्षा छाडने, नियमित उपस्थित नहुने, नियमित गृहकार्य पुरा नगर्ने, उपलब्धि स्तर कम हुने जस्ता समस्याबाट उम्कन निक्कै चुनौतीपूर्ण कार्य हुन सक्दछ ।

यिनै चुनौतीहरुलाई अभिभावकको सक्रिय सहयोगले हामी जस्ता शिक्षकहरुको खोज अनुसन्धानले केहि हदसम्म सामुदायिक बिद्यालयका बालबालिकाहरुको अभिभावकसँग नजिकबाट समन्वय, उपाय, सुझाव, सल्लाह लिदै उनीहरुको उपलब्धि स्तर बढाउन अभिभावक शिक्षाको प्रभाव विषयमा यो अध्ययन सुरुवात गरिएको छ ।

### १.२ समस्याको कथन

सामुदायिक बिद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका न्यून उपलब्धि प्राप्त हुने कारण यस समस्याको समाधानमा शिक्षक, अभिभावक, प्रशासक तिनै पक्षहरुबिच भएका कमिकमजोरीहरु, समस्याहरु र सुझावका उपायहरु पत्ता लगाई शिक्षण क्रियाकलाप साथै विद्यार्थीको उपलब्धि र व्यवहार परिवर्तन गर्न सकिने उद्देश्यले यो अध्ययनको योजना गरिएको छ । अभिभावक शिक्षाले वालबालिकाको शिक्षामा के कस्ता प्रभाव पर्न सक्दछ र यस शिक्षाले आउँदा दिनहरुमा शिक्षक, विद्यार्थी तथा अभिभावकहरुले पालना गर्नु पर्ने कर्तव्यहरुको जानकारी आफ्नै समुदाय र आफैबाट समाधान गर्ने उपायहरुको खोज आफैले तयार गरी आफैबाट सुधारको सुरुवात गरिने उद्देश्यले यो अध्ययन गरिएको हो ।

आधारभूत तहका विद्यार्थीहरुको उपश्थिती नियमितता, प्राप्तांङ्क, उर्तिणाङ्क प्रतिशत, प्रयोगात्मक सिप, परियोजना कार्य, मौखिक उत्तर दिन सक्ने क्षमता, तर्क गर्न सक्ने क्षमता, अतिरिक्त क्रियाकलापमा भाग लिए नलिएको जानकारी, टिफिन पछाडि घर भागे नभागेको रेकर्ड, लगायत सम्पूर्ण गुणात्मक मुल्यांकनहरुको लेखाजोखा गर्दै यस कार्यको लागि अभिभावकले गर्न सकेको सहयोगको प्रभावको अध्ययन यस खोजले गर्ने मनसायले यो विषय छनौट गरिएको हो किनकी एउटा विद्यार्थी असफल हुनु भनेको शिक्षक मात्र नभई उसँग सम्बन्धित अभिभावक प्रशासन लगायत सम्पूर्ण परिवार असफल हुनु हो भन्ने मान्यतालाई निरपेक्षित् खोजको विषय बनाएर यस खोजको सुरुवात गरिएको हो ।

अभिभावक शिक्षाको कमिले बालबालिकाले जति सिक्नु पर्ने हो त्यती सिक्न नसक्ने थुप्रै तथ्य तथा कारणहरु हामी सबैले मनन गरीसकेका छौ । जस्तैः विद्यालयले दिएका गृहकार्यमा सहयोग गर्नु, अनुशासनका ज्ञान दिलाउनु, अतिरिक्त क्रियाकलापको महत्व बुझाउनु, विभिन्न कला संस्कृति प्रति रुची बढाइदिनु, प्रेरणा र हौसला बढाउनु जस्ता कार्यहरु विद्यालयमा मात्र नभई घर परिवारबाट अर्थात अभिभावकबाट पनि सहयोग भए सिकाई क्रियाकलाप छिटो-छरितो र सहज तरीकाले गर्न सकिने उदेश्यले यस विषयको अध्ययन गर्न खोजिएको हो । त्यसका साथै विद्यार्थीको ईतिहास, अवस्था, परिश्थति बुझी सोहि अनुसारको व्यवहार गर्न सकिने हुनाले विद्यार्थी लगायत उनका अभिभावकको शिक्षाको अवश्था बारे अध्ययन गर्न आवश्यक ठानी अध्ययनको सुरुवात गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो । विद्यालयभित्र वा बाहिर विद्यार्थीले गर्ने व्यवहार उसलाई दिइने शिक्षामा निर्भर हुने गर्दछ । बिद्यालयभित्र विद्यार्थीहरुले शिक्षकको सहयोगमा

आफ्नो सिकाइलाई अगाडि बाँधिरहेको हुन्छन् भने घरमा अभिभावकको सहयोगमा आफ्नो सिकाइ प्रक्रियालाई अगाडि बढाईरहेका हुन्छन् । एउटा असल विद्यार्थीले यी दुवै प्रकारको शिक्षालाई परिपुरकको रुपमा सन्तुलित राख्दै अगाडि बढीरहनु पर्ने हुन्छ । किताबी ज्ञान र प्राप्ताङ्कको मुल्यांकनका आधार हुन सक्दैनन् किनकी आजको शिक्षाको उद्देश्य सिकाइ पछी विद्यार्थीको व्यवहारमा परिवर्तन हुन सकेको नहुन सक्दछ । आफ्ना बालबच्चा बिद्यालय गए भने सबै काम पुरा भयो भन्ने मान्यता उहाँहरुमा विद्यमान हुन सक्दछ । विद्यालय गएर मात्र आवश्यक ज्ञानको प्राप्ति हुन सक्दैन बरु आमा, बुबाले पनि आफ्ना बालबालिकालाई प्रोत्साहन, नैतिक सहयोग गर्न, अनुशासित हुन, मित्रवत व्यवहार गर्न, आदर सम्मान, शिष्टाचार जस्ता अति महत्वपुर्ण कला, सिप, बोलीबचन र चाल चलनको बारेमा निरन्तर रुपले सजग गराई रहनु पर्ने हुन्छ । जबसम्म एउटा छोराछोरी आमाबुवाको आदर्श सन्तान बन्न सक्दैन तवसम्म उनि असल विद्यार्थी बन्न असम्भव छ । त्यसरीनै असल गुण बिना उत्तम उपलब्धि प्राप्त गर्न उति नै असम्भव हुन्छ ।

यस अध्ययनको सहयोगले अभिभावक शिक्षाको आवश्यकतालाई प्रस्ट्याई, आफ्ना कमिकम्जोरीहरुको सुधार गरी आफ्ना बालबालिकाहरु प्रति सजग भई विद्यालय शिक्षा प्रति सहयोगी भूमिका निर्वाह गर्न सक्ने चेतनाको अभिबृद्धि गराउदछ ।

मुख्यतय यस अध्ययनले बालबालिकाको उपलब्धि स्तर कायम गर्न अभिभावकको शिक्षाले प्रत्यक्ष प्रभाव पार्दछ भन्ने भनाईलाई तथ्य प्रमाण साथ पुष्टि गर्न खोजिएको छ । विद्यालयमा अध्ययन अध्यापन गराउने गुरु, गुरुआमा मात्र नभई घरको अभिभावकहरुका शिक्षाले पनि विद्यार्थीहरुका उपलब्धि स्तर कायम गर्दछ भन्ने भनाइलाई प्रमाणित गराउन यस अध्ययनको प्रमुख औचित्य रहेको छ ।

विशेषत बालबालिकाको हकमा अभिभावक नै प्रमुख पथ प्रर्दशक बन्न सकिएन भने उनले विद्यालय गएर पनि सन्तोषजनक व्यवहार साथै सन्तोषजनक उपलब्धि हासिल गर्न सक्दैन । त्यसकारण आफ्ना बालबालिकाहरुको उज्वल भविष्य चाहाने अभिभावक स्वयम् पनि सजग र शिक्षित हुनका साथै आफना बालबालिकालाई सफल बनाउनका लागि विद्यालय मात्र एकपक्षिय जिम्मेवारी नहुने कुराको जानकारी गराई अभिभावकहरुको चेतना स्तर बृद्धि गर्न सहयोग गर्ने उदेश्यले अध्ययनको सुरुवात गरिएको हो ।

अभिभावकले शिक्षाप्रतिको महत्व र धारणाको सहि ज्ञान दिने प्रमुख भूमिका खेल्नु पर्दछ । आफ्ना बालबच्चालाई सहि, सत्य, नित्य कर्म, बचन र सिप सिकाउने प्रमुख जिम्मेवार व्यक्तित्वको भूमिका आमा बुवाको हुनु पर्दछ । हरेक सफल र असफल क्षणहरुमा धैर्यवान भई रहन सक्ने ज्ञान

दिने मुख्य कर्ताको रुपमा आमा बुवा हुनु पर्दछ । प्रत्येक व्यक्तिको भावनालाई आदर सम्मान गर्न सक्ने, सहि निर्णय लिन सक्ने, आफ्नो कम र कर्तब्यलाई पूजा ठान्ने धारणाको विकास गराउने सिपको विकास आमा बुवाले नै दिनु पर्दछ । यी गुणहरुको बिकास जबसम्म हुन सक्दैन तबसम्म विद्यालयको शिक्षाले मात्र सम्पूर्ण रुपमा विद्यार्थीको ब्यवहार परिवर्तन गर्न सकिदैन । त्यसैले विद्यार्थीको बिकासमा शिक्षक र अभिभावक दुबैको साँझेदारी सम्बन्ध र एक आपसमा परिपूरकको रुपमा सहकार्य गर्नु आवश्यक छ ।

विद्यालयभित्र हुने सबै गतिविधिलाई अभिभावकले आवश्यक सहयोग, सुझाव दिएर आफ्ना बालबालिकाहरुको बिकासमा आवश्यक अतिरिक्त क्रियाकलाप, शैक्षिक भ्रमण, प्रयोगशाला, बालमैत्री शिक्षण, सिकाई, कक्षा ब्यवस्थापन, विद्यालय वातावरण, लगायत सम्पूर्ण प्रसासनिक कार्यप्रति पनि सजग हुन साथै आफना जिम्मेवारी प्रति सजगभ ई विद्यालय र विद्यार्थीको बिचको स्वस्थ वातावरण कायम राख्नमा अभिभावक शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

## १.४ अध्ययनको उद्देश्य

**अध्ययनको उद्देश्यहरु निम्न अनुसार छन् :-**

१. अभिभावक शिक्षाले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्न ।

२. विद्यार्थी सिकाई उपलब्धि बढाउन अभिभावकको भुमिका पहिचान गर्ने ।

**१.५ अध्ययनको परिसिमा**

**यस शोध पत्रको अध्ययनलाई निम्न क्षेत्रभित्र सिमित गरिएको छ :-**

१. यस अध्ययनका लागि कक्षा ६ र ७ का विद्यार्थीहरुलाई मात्र समावेश गरिएको छ। जसमा सामूदायिक विद्यालय रा.उ.मा.वि. का ८० जना तथा हिमशिखर बोडिङ्गबाट २५ जना विद्यार्थी छनौट गरि जम्मा विद्यार्थी संख्या १०५ मात्र सिमित गरी अध्ययन अगाडि बढाइएको छ।

२. साक्षर निरक्षर सबै किसिमका जम्मा १०५ जनाकै शैक्षिक अवस्था पत्ता लगाई २० जना अभिभावकलाई मात्र अन्तरक्रियामा समावेश गरिएको छ।

**१.६ विशिष्ट शब्दावलीहरुको परिभाषा :-**

अभिभावक :-विद्यार्थीहरुको अभिलेखमा राखिएका ब्यक्तिहरु।

समुदायः- अध्ययनको कुनै पनि क्षेत्रमा रहने बसोबास गर्ने सामाजिक समूह।

सामुदायिक विद्यालयः- नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउनेगरी अनुमति वा स्वीकृति प्राप्त अध्ययन क्षेत्रको विद्यालय।

# परिच्छेद -दुई

## सम्बन्धित साहित्यको पूनरावलोकन

अभिभावक शिक्षाले विद्यार्थीको सिकाई उपलब्धमा प्रव पार्दछ । विद्यार्थीको सिक्ने सिप अभिबृद्धि गर्नमा अभिभावक शिक्षाको आवश्यक्ता अत्यन्तै रहेको तथ्यहरु विभिन्न लेख, रचना खोज र अनुसन्धानले देखाउदै आएको पाइन्छ । अनुभव र क्रियाकलापहरुद्धारा व्यवहारमा हुने परिवर्तनलाई सिकाई भनिन्छ । मानिस एक बुद्धिमान प्राणी हो। आफनो बौद्धिक क्षमताको कारण मानिसले विभिन्न पदार्थ, तथ्य, घटना र विषयका बारेमा जानकारी प्राप्त गर्न सक्दछ र यी विभिन्न जानकारी प्राप्त गर्दा मानिसले विभिन्न क्रियाकलापहरु विभिन्न व्यवहारमा देखाउने गर्दछ र सिकाइले यस्ता व्यवहारमा उचित परिवर्तन गर्दै मानिसलाई परिपक्क बनाउने कार्य गर्दछ । अभिभावक शिक्षाले विद्यार्थीमा निम्न प्रकारका असरहरु पुरयाउने ईतिहाँस प्राप्त गर्न सकिन्छ ।

**अभिभावकको अपेक्षाले उपलब्धिमा पुऱ्याउने असर**

शिक्षाले व्यक्तिको ऊपेक्षालाई परिवर्तन गरिदिन्छ । जसको अभिभावक शिक्षित छन् उनीहरुले त्यही दाजोमा आफना वालबच्चाको उपेक्षालाई बढाइदिने गर्दछन् भने कम शिक्षित अभिभावकका उपेक्षा तुलनात्मक रुपमा कमी हुनाले बालबच्चामा अभिभावक शिक्षाले शैक्षिक उपलब्धीमा राम्ररी प्रभाव पर्न सक्दछ ।

**अभिभावक सहभागिताले सिकाइमा पर्ने असरः**

अभिभावक सहभागिताले विद्यार्थीका सफलतामा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षित अभिभावक बालबच्चाको हरेक क्रियाकलापमा सहभागि हुन्छन् साथै विद्यालयमा पारिवारिक सम्बन्ध राख्न र विद्यालयका संरचनामा सहजीकरण गर्न तत्पर रहन्छन् । बालबालिकाहरु पनि त्यस्ता अभिभावकसँग सुरक्षित महसुस गर्दछन् जसले विद्यार्थीको श्रेणी निर्धारण गर्दछ । (University of Minnesota Extension, Research)

**छिमेकी र विद्यालयका कारण सिकाइमा पर्ने असर :**

बालबालिका छिमेकीसँग सम्बन्धित हुन्छन् । साथै छिमेकीको शैक्षिक स्तर तथा उपलब्धिसँग पनि नजिक रहन्छन् । अभिभावकको स्तर उनीहरुको पेशाले निर्धारण गर्दछ । शिक्षित भए तुलनात्मक रुपमा आयश्रोत राम्रो अवस्थामा हुन्छ र राम्रै विद्यालयमा अध्ययन गर्न सक्ने क्षमता राख्दछन् । राम्रो विद्यालयमा अवसर पाउने विद्यार्थीको उपलब्धि स्तर पनि सोही अनुरुप हुने गर्दछ । Brown, M.B (2005) Parent education and support literature review 2005 NPEN (Netional Parenting Education network) केही अध्ययनहरु अनुसार अभिभावकको उच्च शिक्षाले

बाल बालिकाको व्यक्तिगत तथा शैक्षिक सफलतासँग गासिएको वा सम्बन्धित हुने गर्दछ । (Blair, Blair & Madamba 1999, Tavani & losh 2003).

शिक्षा क्षेत्रमा विद्यार्थीका अभिभावकको आवश्यकता किन पर्दछ भन्ने विषयमा धेरै खोजहरु गरिएका छन् । न्यूनतम् तथा कम शिक्षित परिवारबाट आएका विद्यार्थीका शिक्षाको स्तर पनि कम भएको पाइएको छ । त्यस्ता अभिभावकहरु आर्थिक रुपमा कमजोर हुनाले बच्चालाई टयूसनको व्यवस्था गर्न र कम्प्यूटर जस्ता अध्ययनलाई सहयोग पुऱ्याउने सामग्रीहरु धान्न सक्दैनन् । (Blair 1999, Sandefur etal 2005) तर वास्तवमा आर्थिक स्थिति कमजोर हुने अभिभावकहरुलाई पनि उत्तिकै अवसर दिएको अवस्था छ । (Bakker et.al 2007) घरबारबिहिन बालबालिकाहरुलाई पनि उत्तिकै अवसर प्रदान गरिएको छ । (Begenschneider-1997) तर त्यस्ता कम आर्थिक स्थिति भएका अभिभावकहरु आफ्नो सहभागिता विद्यालय र वालवालिका लागि पऱ्याप्त नभएको आफैले ठान्ने गर्दछन् आफ्नो बुझाई र क्षमता प्रति स्वयम् आफै असहज र अपरिचित अवस्थामा रहेका छन् (Hill etal 2002) NPEN-National parenting education network यसरी अभिभावक शिक्षाले विद्यार्थीको उपलब्धिमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको कुरा माथिका भनाइहरुबाट प्रष्ट हुन्छ।

**२.२. सम्बन्धित साहित्यको पुनरावलोकनः**

नेपालको परिप्रेक्षमा शिक्षा ऐन २०२८ दफा २ अनुसार ‘अभिभावक’ भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि अभिलेखमा भनिएको ब्यक्ति समझिनु पर्छ भन्ने उल्लेख छ । शिक्षा नियमावली, २०५९ को नियम २४ मा अभिभावक बिद्यालयले बिद्यार्थीका आमाबुबा दाजुभाई, दिदी, बहिनी, बाजे, बजै वा विद्यार्थीको पालन पोषण गर्ने र पठन पाठनको ब्यवस्था मिलाउने ब्यक्ति बाहेक अन्य व्यक्तिलाई अभिभावकको रुपमा राख्न हुँदैन भनिएको छ । तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रत्यायोजनका लागि विद्यार्थीका बुबा आमा र बाजे बज्यै मात्र अभिभावक मानिने छन् ।

यसरी नेपालको शिक्षा प्रणालीमा विद्यालयको संस्थागत विकासको लागि विद्यार्थीको हक, अधिकार र व्यावस्थापनको निम्ति अभिभावकको आवश्यक्ता रहेको कुरा २०२८ को शिक्षा ऐनमा उल्लेख गरिएको छ । यस ऐन नियमावलीले अभिभावकको जिम्मेवारी तथा कर्तब्य र भूमिकालाई पनि प्रस्ट रुपमा व्याख्या गरेको पाइन्छन् । विशेषत अभिभावकले सम्पूर्ण विद्यालयको ब्यवस्थापकको भूमिका खेल्नु पर्ने, अभिभावक संघ जस्तो संस्थागत भूमिका निर्वाह गर्नु पर्ने, पाठयक्रम निर्माण, पाठयक्रम विस्तार शिक्षण सिकाई र विद्यार्थी मूल्यांकनको साँझेदारी रुपमा आर्थिक व्यावस्थापनको रुपमा योजना निर्माण, कार्यान्वयन र अनुगमन कर्ताको रुपमा, शिक्षक विद्यालयका अन्य

क्रियाकलापहरुको नियमकको रुपमा संगीत, नृत्य, कला र व्यावसायिक सहजकर्ताको रुपमा, सामाजिक परीक्षक र लेखा परीक्षण सहयोगीको रुपमा विद्यालयको निति निर्माताको रुपमा । स्थानिय प्रज्ञालाई अपयोग गरेर ज्ञान निर्माताको रुपमा ।

शिक्षा ऐन २०२८, नियम ३० ले शिक्षक अभिभावक संघ सम्बन्धि नियमको ब्यवस्था गरेको छ । जसमा सम्बन्धित बिद्यालयको प्र.अ.अध्यक्ष रहनेगरी, एक शिक्षक र अन्य अभिभावक गरी कम्तिमा ११ जना सदस्यहरु कम्तिमा २ बर्षको समयावधीसम्म

(उपनियम-२) हरेक ३-३ महिनामा बैठक बस्ने गरी (उपनियम-२) देहाय बमोजिमका काम कर्तब्य गरिनु पर्ने नियम २ मा उल्लेख गरिएको पाइन्छ ।

क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने ।

ख) विद्यालयले शुल्क निर्धारण गरे नगरेको अनुगमन गर्ने तथा आवस्यक सुझाव दिने ।

ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अर्न्तक्रिया गर्ने ।

विद्यालयले अभिभावकहरुबाट यस्ता महत्वपूर्ण तथा जिम्मेबार भूमिका निर्वाह गर्न शिक्षा नियम र ऐनले तोकिदिएको हुँदा करीब पाउने तीन करोड नेपाली दाजुभाई दिदी बहिनी तथा बाल बालिकाहरुको सुखद भविश्य निमार्ण गर्न र विद्यालय तह देखि कलेज स्तर हुँदै उच्च शिक्षा अध्ययनको क्रममा शिक्षा क्षेत्रमा देखिएका विकृति विसंगतिहरुका बारेमा  जुध्न र रचनात्मक रुपमा सुझाव दिने उद्देश्यले मिति २०५८ अभिभावक भेला स्थापित गर्दै २०५९ साल मंसिर २६ गते नेपाल सरकारले संस्था गठन र सञ्चालन ऐन अर्न्तगत रही 'नेपाल राष्ट्रिय अभिावक संघ' दर्ता गरिएको हो ।

''राष्ट्रिय अभिभावक संघ केन्द्रिय कार्य समितिको मुखपत्र''

ऐन र नितिगत रुपमा अभिभावकको महत्वलाई बुझेर नेपाल सरकारले विभिन्न साक्षरता कार्यक्रमहरु अगाडि बढाएको छ ।

नवजात शिशुदेखि बैयस्कसम्म, शिशु वालवालिका, किशोर किशोरी र युवामा शारीरिक, मानसिक, संवेगात्मक विकास गराउनमा अभिभावकको शिक्षाको महत्वपुर्ण भूमिका रहेको हुन्छ । ( लेख रमाकान्त शर्मा-२०१५) वालवालिका सम्बन्धि समस्याहरु सुल्झाउन जिल्ला स्तरीय अभिभावक शिक्षा कार्यक्रमहरुको सुरुवात भएको जानकारी छ -जिल्ला शिक्षा कार्यलय, बाँके, Feb 2014) रोडेक नेपालको आयोजनामा धादिङ्ग जिल्लामा अभिभावक शिक्षा सम्बन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन भएको थियो उक्त कार्यक्रममा शिक्षा स्वास्थ्य र सरसफाई विषयमा अभिभावक शिक्षा प्रदान गरिएको थियो (नेत्रावती अनलाइन २०१०) विभिन्न मनोबैज्ञानिक लेखकहरुले बालबालिकाको शिक्षामा अभिभावक शिक्षाको आवश्यक्तालाई उजागर गरीसकेका छन् । फलस्वरुप ओपचारिक र

अनौपचारिक रुपमा नेपालमा पनि अभिभावक शिक्षाको प्रक्रिया सुरु भई सकेको अवस्थामा छ । विभिन्न समाचार पत्रपत्रिका, लेख, संघ, संगठनको माध्यमबाट अभिभावक शिक्षाको महत्वलाई सर्वसाधारण समक्ष लाने प्रयासहरु निरन्तर भए पनि यस विषयमा थप खोज र अनुसन्धान गरिनु पर्ने आवश्यक्ता देखिन्छ ।

## परिच्छेद - तीन

### अध्ययन विधि

यस परिच्छेदले अध्ययनलाई पुरा गर्नका लागि आवश्यक विधिहरुको व्याख्या गर्दछ। यस अध्ययनमा परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाचाको पयोग गरिनेछ। विभिन्न श्रोत तथा साधनहरुको प्रयोग गर्दै नमुना छनौट विधिबाट खुल्ला प्रश्नावली अर्न्तवार्ता, अवलोकन, लच्छित समूह छलफल विधिबाट तथ्यांक संकलन गरिनेछ र सोही तथ्यांकहरुलाई विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनलाई उद्देश्यमूलक बनाउने कार्यमा अनुसन्धान विधिको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको हुन्छ। यो अध्ययन अनुसन्धानमा स्थलगत भ्रमण, प्रत्यक्ष सर्वेक्षण प्रश्नावली निर्माण तथा असंरचित अर्न्तवार्ता, कक्षा अवलोकन, टेलिफोन वार्ता, अनुगमन जस्ता माध्ययमबाट प्राथमिक सूचना संकलन गरिएको छ। विद्यार्थीको प्राप्तांङ्कहरु विद्यालयको रेकर्डबाट, कक्षा शिक्षकको हाजिरी खाताबाट, अभिलेखहरुबाट दोस्रो अर्थात सेकेन्डरी सूचना श्रोतहरु प्राप्त गरिएको छ। त्यही श्रोत र सूचनाहरुको आधारमा प्राप्ति तथा निश्कर्षहरुको व्याख्या विश्लेषण गरिएको छ।

### ३.२. अध्ययनको जनसंख्या

सुनसरी जिल्ला भित्रका सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयका विद्यार्थीहरु र सोही विद्यालयका प्र.अ. तथा वर्ग शिक्षकहरु।

३.३. नमूना छनौटः- अध्ययनका लागि निम्न अनुसार नमूना छनौट गरिएको छ।

३.३.१. जिल्ला छनौटः- पायक पर्ने र अध्ययन गर्न सजिलो पर्ने आफ्नै जिल्ला सुनसरी छनौट।

३.३.२. विभिन्न बसाई स्थानको छनौटः-बजार वरिपरि, गाँऊ, बस्ती तथा विद्यालय नजिक तथा टाढा सबै तिर पर्ने विद्यार्थी बसोबास छनौट गरिएको छ।

३.३.३. विद्यालय छनौटः- १ वटा सामूदायिक तथा १ वटा संस्थागत विद्यालयहरु छनौट गरिएको छ।

३.३.४. प्र.अं. छनौटः- सम्बन्धित विद्यालयका प्र.अ.हरु स्वत पर्नु भएको छ।

३.३.५. शिक्षक छनौटः- वर्ग शिक्षक तथा विषय शिक्षकहरु छनौट गरिएको छ।

३.३.६. विद्यार्थी छनौटः- आधारभूत तहका माथिल्ला ६, र ७ मा अध्ययनरत विद्यार्थीहरु छानिएका छन्।

३.३.७. अभिभावक छनौटः- सम्पूर्ण विद्यार्थीहरुका अभिलेखमा रहेका २० जना सामुदायिक र ५ जना संस्थागत विद्यालयबाट पर्ने गरी सबै स्तरका अभिभावकहरुलाई छनौट गरिएको छ।

### ३.४. तथ्यांङ्क संकलन श्रोतः-

### ३.४.१. प्राथमिक श्रोतः-

यस श्रोत अन्तर्गत प्रत्यक्ष भेटबाट, अर्न्तवार्ता, अवलोकन र छलफल रहेका छन् । विद्यार्थी, शिक्षक, प्र.अ. तथा अभिभावकसँग गरिउको प्रत्यक्ष वार्ता र सूचनाहरु यस श्रोत अर्न्तगत पर्दछन् । यसका लागि अध्ययन कर्ता स्वयम् स्थलगत सर्वेक्षण र अवलोकन गरी आएका सूचनाहरु यस श्रोत अर्न्तगत पर्दछन् ।

### ३.४.२. द्वितिय श्रोतः-

यस श्रोत अर्न्तगत रेकर्ड, शैक्षिक तथ्याङ्क, प्रतिवेदन, बुलेटिन, पुस्तक पत्रपत्रिका, शोधपत्र, एवम् राष्ट्रिय, अन्तराष्ट्रिय स्तरका शिक्षा सम्बन्धि लेख रचना आदिबाट प्राप्त तथ्याङ्क, सूचनाहरु प्रयोग गरिएको छ ।

### ३.५. तथ्यांङ्क संकलनका साधनहरुः-

खुल्ला अर्न्तवार्ताः- सुल्ला अर्न्तवार्तामा अर्न्तवार्ता लिने व्यक्तिलाई अर्न्तवार्ता हुदैछ भन्ने कुनै सूचना नदिई अर्न्तवार्ता लिइएको हो । खुल्ला रुपमा अर्न्तवार्ता सहज तरीकाले अध्ययनलाई टेवा पुर्‍याउने उद्देश्यले प्रश्न सोधिएको छ । जसलाई अनुसूची १, २, ३, ४ मा साखिएको छ ।

- दस्तावेज अध्ययनः- विद्यार्थी हाजिरी, विद्यार्थी उपलब्धि, कक्षा छाडेर जाने, नियमितता जस्ता विद्यालयका रेकर्डहरु अध्ययन गरिएको छ ।
- लक्षित समूह छलफलः- शोधपत्रमा निर्धारण भएको उद्देश्यहरु पूरा गर्नका लागि खुल्ला अर्न्तवार्ता र विद्यालयको दस्तावेज अध्ययनबाट प्राप्त भएका सूचनाहरुलाई विश्वसनीयता निर्धारण गर्न नमूना विद्यालयका शिक्षकहरु बीच लक्षित समूह छलफल संचालन गरिएको छ ।

### ३.६. साधनहरुको बैधताः-

यस अनुसन्धानको लागि आवश्यक पर्ने साधनहरुले के कति तथ्यहरु संकलन गर्न सक्छ वा सक्दैन सो विषयमा अध्ययन अनुसन्धानमा संलग्न सहपाठी बिच आवश्यक छलफल सल्लाह र सुझावहरु लिई साधनको बैधता निर्धारण गरिएको छ ।

### ६.७. तत्याङ्क संकलन प्रक्रियाः-

सम्बन्धित विद्यालयहरुका प्र.अ.को अनुमति लिएर विद्यार्थीहरुलाई प्रश्नावली भर्न लगाउने र अर्न्तवार्ताका लागि विद्यार्थीका घरघरमा गई उनीहरुको बारेमा सोधबुझ गरी प्रश्न सोधिनेछ । शिक्षक तथा प्र.अ.सँग सम्बन्धित प्रश्नहरु पनि समय मिलाएर सोधिएको छ । धेरै जसो

विद्यार्थीहरुलाई आफ्‌ना अभिभावकहरुका क्षमता, पेशा, शिक्षा र गर्न सक्ने सहयोगको बारेमा लेखेर ल्याउने कार्य दिई डाटा राख्ने कार्य गरिएको छ ।

### ६.८. तथ्यांङ्क विश्लेषण प्रक्रियाः-

शोधपत्रका लागि लिइएका परिमानात्मक तथ्यांङ्कहरुलाई टेवुलेसन गरी, स्तम्भ चित्र, आदिका माध्ययमबाट विश्लेषण गरिएको छ र गुणात्मक सूचकहरुलाई शब्द विश्लेषणका आधारमा विश्लेषण गरिएको छ ।

| क्र.सं | उदेश्यहरु | साधनहरु | प्रतिकृयादाताहरु | | | श्रोत व्यक्ति |
|---|---|---|---|---|---|---|
| | | | शिक्षक, प्र.अ. | विद्यार्थी | अभिभावक | वि.व्या.स. |
| १ | अभिभावक शिक्षाले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्ने | अन्तरवाता | ✓ | ✓ | ✓ | |
| | | अवलोकन | | ✓ | | |
| | | प्रश्नावली | | ✓ | ✓ | |
| | | छलफल | ✓ | ✓ | ✓ | |
| | | फोनकल | ✓ | | ✓ | |
| २ | विद्यार्थी उपलब्धि बढाउन अभिभावकको भूमिका पहिचान गर्ने | अन्तरवाता | | ✓ | ✓ | |
| | | अवलोकन | | ✓ | | |
| | | प्रश्नावली | | | ✓ | ✓ |
| | | छलफल | ✓ | ✓ | ✓ | ✓ |
| | | फोनकल | | | | ✓ |

# परिच्छेद ४

## अध्ययन क्षेत्रको परिचय

४.१. जिल्लाको परिचयः-

विश्वको सबैभन्दा ठूलो महादेश एसियाको मध्य भागमा पर्ने नेपाल देशको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. रहेको नेपाल विश्व मानचित्रमा २६°२२' देखि ३०°२७' उत्तरी आँकडा र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरमा फैलिएको छ। प्राकृतिक दृष्टिकोणले नेपालको भौगोलिक अवस्थालाई हिमाल प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी ३ भागमा बाडिएको पाइन्छ। विशाल जलभन्डार, विभिद वनस्पति, मिश्रृंखला, जडीबुटी, मनोरम प्राकृतिक स्थल, धर्म संस्कृति, विविध जात जाति र खोलानालाहरुले सजिएको नेपाल नदीको हिसावले कोशी नदीको छेउमा अवस्थित कोशी अञ्चलको एउटा महत्वपूर्ण जिल्लाको रुपमा रहदै आएको छ। तराई र पहाड प्रदेशमा पर्ने समथल सुनसरी जिल्ला धान खेतीको लागि प्रख्यात जिल्ला मानिन्छ। घनाबस्तीमा परिणत हुने क्रममा सुनसरी जिल्ला भित्र थुप्रै गा.वि.स., नगरपालिका र उप-महानगरपालिकाहरु रहेका छन्।

सुनसरी जिल्लाको पूर्वमा मोरङ्ग पश्चिममा सप्तरी र उदयपुर, उत्तरमा धनकुटा र दक्षिणमा भारतको विहारसँग सिमाना जोडिएको छ। यस जिल्लाको अधिकाश भू-भागहरु तराईका फाँटमा पर्वत श्रृंखलासम्म जोडिएको हुँदा भौगोलिक, प्राकृतिक, सांस्कृतिक एवमं धार्मिक दृष्टिले विविधतापूर्ण छ। ४९ वटा गा.वि.स. ३ वटा नगरपालिका र ६ वटा निर्वाचन क्षेत्र रहेको छ। यो जिल्लाको जनसंख्या ३,७१,२२९ जना पुरुष र ३,९२,२५८ महिला गरी जम्मा ७,६३,४८७ (२०६८-अनुसार) रहेको छ।

यस जिल्लाको पूर्वमा इटहरी उप-महानगर पालिका घोषित (२०७१) परिचयमा हरिपुर कोशी ब्यारेजसम्म महेन्द्र राजमार्गले जोडेको छ भने दक्षिण तर्फ विराटनगर, धरान, धनकुटा मार्ग रहेको छ।

## ४.२. नमूना विद्यालयहरुको परिचयः-

वि.सं.२०१३ सालमा स्थापित विद्यालय हाल श्री राष्ट्रिय उच्च मा.वि.मा रुपान्तर भइसकेको विद्यालय हो। हाल इटहरी उपमहानगरपालिका २६ मा अवस्थित यो विद्यालय इटहरी नगरदेखि उत्तर तथा चारकोसे झाडीसँग जोडिएको हाँसपोसा-तरहरा २४ देखि दक्षिण क्षेत्र धरान धनकुटे रोडसँग सिमाना जोडिएर रहेको अवस्थामा छ। यो विद्यालय सुविधायुक्त ठाँउमा लगभग ४ कट्ठा जमिनमा अवस्थित रहेको पक्की भवनहरु र पक्की कम्पाउण्ड वालयुक्त विद्यालय हो। साथै आर्थिक वर्ष २०७०/०७१ सालमा ३ जना विशिष्ट श्रेणीमा विद्यार्थी उतिर्ण गराउन सफल विद्यालय पनि हो

। २०५६ सालमा संचालित S.S.R.P योजना अनुसार यो विद्यालयको भौतिक शैक्षिक प्रशाशनिक तथा आर्थिक विकासमा समूदायको सहभागि हुनेगरि समुदायमा हस्तान्तरण गरिएको विद्यालय हो । यस उच्च मा.वि. मा साधारण तथा प्राविधिक दुवै पाठयक्रमका शिक्षण सिकाई अध्ययन अध्यापन गराउदै आइएको छ । साधारण तर्फ +२ अन्तर्गत शिक्षा तथा व्यावस्थापन र प्राविधिक तर्फ सिभिल इन्जिनियर र कम्प्यूटर शिक्षाको व्यावस्था रहेकोछ ।

यस्ता सुविधायुक्त ठूला-ठूला सामुदायिक विद्यालयहरुले मात्र बढ्दो जनघनत्वको वालबालिकाहरु थामिन सक्ने अवस्था देखिदैन । यसका परिसरमा थुप्रै निजी स्तरका अंग्रेजी विद्यालयहरु पनि स्थापित छन् । जनसहयोग परिसरमा मा.वि.स्तरका सयपत्री बोर्डिङ्ग, हिमसिखर बोर्डिङ्ग, प्याराडाईज बोर्डिङ्ग, पूर्वाञ्चल हायर सेकेन्डरी, ज्ञानदर्पण बोर्डिङ्ग जस्ता माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरुले पनि शिक्षण प्रक्रिया अगाडि बढाइरहेको अवस्था छ ।

त्यस्तै राष्ट्रिय उच्च मा.वि. परिसरमा पनि निजी स्तरका केही विद्यालयहरु संचालित छन् । यस्ता सरकारी तथा निजी विद्यालयहरुले आफ्ना-आफ्ना निती नियम प्रक्रिया अपनाई हाम्रा बाल बालिकाहरुलाई शिक्षा दिने काममा टेवा पुऱ्याई रहेको अवस्था छ ।

सामुदायिक र संस्थागत (निजी) विद्यालयहरुमा दिइने शिक्षाको प्रक्रियासँगै यस्ता विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरुको अवस्था अध्ययन गरी सुधार गर्नु पर्ने पक्षहरुको खोज तथा अनुसन्धानले विद्यालयका बालबालिकाको व्यावहार परिवर्तन गरी शिक्षण सिकाईलाई टेवा पुऱ्याउने उदेश्यले यस क्षेत्र अध्ययनलाई अगाडि सारिएको हो ।

# परिच्छेद-५

## तथ्यांकको विश्लेषण

सामुदयिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरुसँग अर्न्तक्रिया, छलफल, प्रश्नावली तथा अनुगमन गरी आएका तथ्यहरुलाई विद्यार्थीका क्रियाकलाप तथा उपलब्धिसँग तुलना गर्दा अभिभावक शिक्षाले बालबालिकाको निम्न अवस्थाहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पार्दछ भन्ने कुराको व्याख्या गरिएको छ ।

विद्यालय स्तरका विद्यार्थीहरु सम्पुर्ण रुपमा अभिभावकको निगरानी र निर्देशनमा निर्भर रहने हुन्छन् । दैनिक कार्य र उनीहरुले प्रदर्शन गर्ने व्यवहार घर र विद्यालयको वातावरणमा पूर्ण रुपमा निर्भर रहन्छ । त्यसमा पनि अभिभावकको शिक्षाले पार्न सक्ने प्रभाव के के हुन सक्दछ यसको प्रभावलाई विद्यालयका विद्यार्थीका अभिभावक, शिक्षक तथा सम्पूर्ण समूदायमा जानकारी गराई आवश्यक सुधारहरुको उपाय पत्ता लगाई सामुदायिक विद्यालयहरुका विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन आवश्यक रणनिति बनाउन सकिने कुरालाई अध्ययनको मूलभूत प्राप्ति मानिएको छ ।

अभिभावक शिक्षाले विद्यार्थीको उपलब्धिमा कस्तो असर पर्दो रहेछ भन्ने विषयलाई लिएर खोज अनुसन्धान गर्दा विभिन्न तहका विद्यार्थीहरुको नामावलीसँगै अभिभावक विवरण टिपोट गरिएको थियो । सामुदायिक विद्यालय र संस्थागत दुवै विद्यालयमा अध्ययनरत विद्यार्थीहरु यध्येका क्रमश ४३, ३७ र २५ अभिभावकमहरुको विवरण अनुसार सामुदायिक र संस्थागत विद्यालयका अभिभावकहरुका निम्न अवस्थाको शैक्षिक विवरण रहेको पाइयो । जसलाई निम्न तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. १**

| विद्यालयको नाम | | अभिभावक शैक्षिक स्तर संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | साक्षर | प्रा.वि | नि.मा.वि. | मा.वि. | उ.मा.वि | जम्मा |
| १) रा.उ.मा.वि.(कक्षा ६) | ७ | ६ | १० | १४ | ६ | ४३ |
| २) रा.उ.मा.वि.(कक्षा ७) | ५ | ५ | १३ | १४ | - | ३७ |
| ३) हिमशिखर स्कुल (६,७) | - | - | - | ९ | १६ | २५ |
| जम्मा | १२ | ११ | २३ | ३७ | २२ | १०५ |

श्रोतः- स्थलगत सर्वेक्षण

यस तथ्यांकले शिक्षित अभिभावकहरुले संस्थागत विद्यालयमा नै आफ्ना वालवालिकाहरु पढ्न पढाउने हुनाले सामूदायिक विद्यालयको उपलब्धि स्तर पनि न्यून रहेको हुन सक्दछ । अर्थात

सामूदायिक विद्यालयका अभिभावकहरुका न्यून शिक्षा स्तर हुनाले आफना वालवालिकालाई उचित शैक्षिक खुराक वा निर्देशन दिन नसक्नुले पनि सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुको उपलब्धि स्तर बढी हुन गएको तथ्य यस अध्ययनले बताउँदछ ।

यस अध्ययन अनुसार सामुदायिक विद्यालयमा १५% साक्षर, १३.७% प्रा.वि., २८.७% नि.मा, ३५% मा.वि.र ७.४% उच्च मा. वि.सम्म शिक्षा हाँसिल गर्ने अभिभावकहरु रहेको तथ्य प्राप्त भयो भने संस्थागत विद्यालयमा मा.वि. र उच्च मा. वि. तहका अभिभावकहरु को बाहुल्यता रहेको तथ्य प्राप्त भएको छ । यस अध्ययन अनुसार विद्यालयको अभिभावकहरुको अवस्थाले पनि विद्यार्थीको उपलब्धि स्तरमा फरक पर्न सक्ने कुराको सम्भावना देखाउदछ । किनकि हालसम्म तुलनात्मक रुपमा संस्थागत विद्यालयका विद्यार्थीहरुको उपलब्धि सामुदायिक विद्यालयको भन्दा माथि रहेको अवस्था छ । संस्थागत विद्यालयका अभिभावकहरु कम्तिमा मा.वि. तहका शिक्षा पुरा गर्ने ३६ प्रतिशत रहेका छन् भने उच्च शिक्षा हाँसिल गर्नेको अभिभावकको शिक्षा ६४ प्रतिशत रहेको आँकडाले जनाउँदछ ।

यस तथ्यांकले शिक्षित अभिभावकहरुले संस्थागत विद्यालयमा नै आफ्ना वालवालिकाहरु पढ्न पढाउने हुनाले सामूदायिक विद्यालयको उपलब्धि स्तर पनि न्यून रहेको हुन सक्दछ । अर्थात सामूदायिक विद्यालयका अभिभावकहरुका न्यून शिक्षा स्तर हुनाले आफना वालवालिकालाई उचित शैक्षिक खुराक वा निर्देशन दिन नसक्नुले पनि सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुको उपलब्धि स्तर बढी हुन गएको तथ्य यस अध्ययनले बताउँदछ ।

**५.१ अभिभावक शिक्षाले विद्यार्थी उपलब्धि स्तरमा पार्ने प्रभावः-**

विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उपलब्धि स्तरमा अभिभावक शिक्षाले पार्ने प्रभावको अध्ययन गर्दा निम्न तथ्यांक फेला परेको छ । सामुदायिक तथा निजी दुबै तर्फका विद्यालयका अभिलेख अनुसार प्राप्तांक विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं.२

### साक्षर मात्र हुने अभिभावकका बालबालिका (रा.उ.मा.वि.) विषयगत उपलब्धि स्तर

| क्र.सं. | नाम | ने. | अं. | ग. | वि. | सा. | पे. | स्वा. | नै. | कम. | परिणाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुस्मिता चौधरी | १३ | ०५ | ९ | १४ | १६ | १४ | १५ | ११ | १९ | ९ विषय |
| २ | दिनेश चौधरी | २३ | ३२ | १० | ३८ | २७ | ५१ | २५ | १९ | १६ | ४ विषय |
| ३ | संगिता चौधरी | १७ | १२ | ०४ | ३२ | ०९ | ११ | २३ | ०८ | १७ | ७ विषय |
| ४ | बादल चौधरी | १४ | १० | ०३ | १७ | ०५ | १४ | १२ | ८ | ११ | ९ विषय |
| ५ | धर्मराज मग्राती | १८ | १३ | २१ | ३६ | २२ | ३६ | ३३ | १६ | २२ | ५ विषय |
| ६ | चन्द्रकला राई | ६८ | ६१ | ३४ | ७३ | ७४ | ८२ | ७२ | ४४ | ४३ | उत्तीर्ण |
| ७ | मौसम बुढाथोकी | ३२ | १० | ०३ | १३ | ०९ | ३२ | ३२ | १६ | १६ | ५ विषय |
| ८ | बसनमाया राई | ५७ | २६ | ०३ | ४७ | ४२ | ३९ | २९ | २९ | ५० | ३ विषय |
| ९ | आशा चौधरी | ३२ | २१ | ०५ | १८ | ०७ | १८ | २५ | २४ | २५ | ६ विषय |
| १० | सबिन बस्नेत | २५ | ३८ | ०५ | २५ | ०५ | ०८ | १२ | १४ | १८ | ७ विषय |
| ११ | शुशिल मगर | ३२ | ३२ | ०७ | ३८ | २० | ३२ | २४ | २४ | ३२ | ३ विषय |
| १२ | गंगा चौधरी | ३८ | ३२ | ०३ | १९ | १६ | ३२ | २३ | २४ | ३५ | ४ विषय |

श्रोतः विद्यालयको तथ्यांक

उक्त तालिकालाई अध्ययन गर्दा १२ जना साक्षार अभिभावकहरु मध्येका सबै विद्यार्थीहरुले ज्यादै न्यून अंक ल्याएको पाइयो भने १ जना विद्यार्थी मात्र विषय नलागी उतिर्ण हुन सफल देखिएको छ, अन्य ७ जना अनुतिर्ण भएको तथ्यले बताउदछ भने अन्य ३ जना विषय लगाई उर्तिण भएको अध्ययनले बताउदछ ।

नोटः यस अध्ययनमा पर्ने सामुदायिक विद्यालयले ४ विषय अनुत्तिर्ण गरेको विद्यार्थीलाई पनि कक्षा चढाउने गरेको पाइयो ।

**तालिका नं.३**

**प्रा.वि.सम्म अध्ययनरत अभिभावकका विद्यार्थीहरु र विषयगत उपलब्धि स्तर**

| क्र.सं | नाम | पे. | ने. | अं. | ग. | वि. | सा. | कम. | स्वा. | नै. | परिणाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सन्दिप चौधरी | ५१ | ४० | ४६ | ३२ | ४२ | ५७ | ६७ | २० | ४० | उत्तिर्ण |
| २ | जानुका कार्की | ३९ | ५२ | ५३ | ३६ | ५५ | ४७ | ६८ | २५ | ३८ | उत्तिर्ण |
| ३ | सुमित्रा अधिकारी | ३३ | ३८ | ३४ | १५ | ४७ | ४१ | ४६ | १६ | ३१ | उत्तिर्ण |
| ४ | आसिक चौधरी | १९ | १९ | १४ | ०३ | १३ | १६ | ३९ | १३ | १६ | ७ विषय |
| ५ | वर्षा चौधरी | ३२ | २२ | ३७ | १२ | २१ | १५ | ५५ | १६ | २३ | ४ विषय |
| ६ | सम्भना चौधरी | ३२ | १२ | १७ | १३ | ३२ | १५ | ३९ | १६ | २१ | ४ विषय |
| ७. | मौसम बुढाथोकी | ३२ | १० | ०३ | १३ | ०९ | ३२ | ३२ | १६ | १६ | ५ विषय |
| ८ | सुमित्रा दास | ६० | ५९ | ६३ | ४३ | ६६ | ४८ | ६७ | ३८ | ३७ | तृतिय |
| ९ | शेखर भट्टराई | ६२ | ४२ | १५ | ४३ | ५९ | ५८ | ५६ | ३५ | ३५ | १ विषय |
| १० | खगेन्द्र धमला | ५४ | ५७ | ३८ | ०८ | ५६ | ५४ | ६८ | ३४ | ३८ | १ विषय |
| ११ | आशिक चौधरी | ३२ | ३४ | २८ | १८ | ३५ | १८ | ३२ | २१ | २१ | ३ विषय |
| १२ | रेखा ठकुरी | ४४ | ४७ | २८ | १७ | ४० | २७ | ३५ | ३० | ३२ | ३ विषय |

श्रोतः सर्वेक्षण स्थल

माथि तालिका नं.३ प्राथमिक शिक्षा हासिल गर्ने अभिभावकहरुको विद्यार्थी उपलब्धि स्तर प्राथमिक तहसम्म अध्ययनरत जम्मा ११ जना अभिभावकहरुका बालबालिकाको उपलब्धि स्तर सुधार भएको अवस्थामा रहेको छ ४ जना सबै विषय उर्तिण हुन सफल देखिन्छन् भने ति मध्य एक जनाले तेस्रो स्थान हासिल गरेको अवस्था छ, ६ जना विषय लगाई उर्तिण भएका छन् भने १ जना उर्तिण हुन नसकेको अवस्था देख्न सकिन्छ ।

## तालिका नं.४

## नि.मा. तहसम्म अध्ययनरत अभिभावकहरुको विद्यार्थी उपलब्धि स्तर

| क्र. सं. | विद्यार्थीको नाम | ने. | अं. | ग. | वि. | सा. | पे. | कम. | स्वा. | नै. | परिणाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ५० | ५० | |
| १ | युनिशा कट्वाल | ८२ | ८६ | ७० | ८१ | ६९ | ७३ | ८४ | ४१ | ४० | ७८% |
| २ | बिजु अधिकारी | ७३ | ८६ | ३३ | ७४ | ५५ | ६१ | ८३ | ३७ | ३७ | ७५% |
| ३ | पुजा अधिकारी | ६२ | ३२ | ०५ | ५६ | ४९ | ४३ | ६४ | ३१ | २४ | १ विषय |
| ४ | कल्पना चौधरी | ४५ | २२ | ०५ | ३३ | २८ | ३९ | ४४ | ३० | ३० | २ विषय |
| ५ | शर्मिला थापामगर | ३९ | ३३ | ०४ | ४८ | ३४ | ३७ | ४९ | ३० | २७ | १ विषय |
| ६ | शोभित माझी | ३३ | २० | ०३ | ४८ | ३४ | ३७ | ४९ | ३० | २७ | २ विषय |
| ७ | बिनु खड्का | ५७ | ३२ | ०४ | ४३ | २५ | ४४ | ४६ | ३३ | ३३ | २ विषय |
| ८ | सुसन लम्जेल | ४६ | ५७ | २३ | ६१ | ४६ | ७१ | ४१ | २७ | ३० | १ विषय |
| ९ | प्रमिला बस्नेत | ३६ | ३२ | ०९ | ३५ | ४९ | ५० | ४२ | २६ | २६ | १ विषय |
| १० | समीरा बराल | ४० | ३१ | १७ | ३३ | ४३ | ५१ | ५१ | २६ | १६ | १ विषय |
| ११ | सानी चौधरी | ३२ | ३२ | ०६ | २८ | ३६ | ५१ | ३२ | १६ | २४ | २ विषय |
| १२ | सुनिता तामाङ्ग | ३७ | २४ | ०४ | ३२ | ४७ | २८ | ३५ | २० | २० | ३ विषय |
| १३ | अन्जली चौधरी | ३२ | १३ | ०४ | ३२ | ३५ | ४४ | १९ | ०६ | २० | ४ विषय |
| १४ | अस्मिता चौधरी | १८ | १० | ०७ | ३२ | ३२ | १९ | ३२ | १६ | २० | ४ विषय |
| १५ | यूजन नेपाली | १४ | ०८ | ०३ | १६ | १६ | २२ | १६ | ११ | १७ | ८ विषय |
| १६ | जमुना चौधरी | २१ | १३ | १४ | ३२ | २३ | ४५ | ३२ | १६ | २३ | ४ विषय |
| १७ | स्वास्तिका चौधरी | १३ | ११ | ०४ | १९ | ३२ | ३२ | ३२ | १६ | १६ | ४ विषय |
| १८ | दिपीका चौधरी | २१ | २१ | १० | २४ | ३२ | ५७ | ३५ | १७ | २० | ४ विषय |
| १९ | देवराज कटुवाल | ३२ | ३२ | २७ | ६१ | ३६ | ५२ | ४३ | १८ | २९ | १ विषय |
| २० | अमन चौधरी | १३ | २१ | ०७ | ३२ | २० | ३२ | ३२ | १६ | २० | ४ विषय |
| २१ | दिनेश चौधरी | २३ | ३२ | १० | ३८ | २७ | ५१ | २५ | १९ | १६ | ४ विषय |
| २२ | दिपेश राई | ३२ | १९ | १४ | ३५ | ३५ | ३५ | ३२ | १६ | २६ | २ विषय |
| २३ | प्रकाश राई | ३२ | २२ | ०९ | ४० | ३६ | ३२ | २५ | २८ | २३ | ३ विषय |

श्रोतः सर्बेक्षण स्थल

माथिको तथ्यांक अध्ययन अनुसार निम्न माध्यमिक तहसम्म अध्ययन गर्ने जम्मा २३ जना अभिभावकका विद्यार्थीहरु मध्ये तुलनात्मक रुपमा धेरै २२ जना उर्तिण हुन सफल विद्यार्थी देखिन्छन् भने १ जना मात्र अणुर्तिण रहेको अवस्था रहेको पाईएको छ । उतिर्ण हुने संस्था मध्ये २ जनाले प्रथम र दिृतिय स्थान हासिल गरेको कुरा पनि देखिएको छ । १ विषय लाउने विद्यार्थी संख्या ६ रहेको त्यो गणित विषय रहेको देखिन गएको छ । केहि मेहेनत गरे यिनीहरु विषय नलाई उतिर्ण हुने सम्भावना देखिएको छ ।

तालिका नं. ५ लाई अनुसुची ५ मा राखिएको छ ।

उक्त उल्लेखित तथ्यांकको अध्ययन अनुसार २८ जना सामुदायिक र बाँकी ९ जना संस्थागत विद्यालयका मा.वि.स्तरसम्म अध्ययन गर्ने अभिभावकका विद्यार्थी उपलब्धिलाई तालिका बद्ध गरिएको जानकारी गराईएको छ । यस अध्ययन अनुसार उपलब्धि स्तर बढ्दै गएर कोहि पनि अणुर्तिण रहेको अवस्था भेटिदैन । साथै अनुर्तिण हुने विषय संस्था पनि घटेर ३ वटा सम्म आइपुगेको देखिन्छ । फेयरली पास हुनेको संख्यामा पनि बृद्धि भएर १२ पुगेको देखिन्छ । साथै ३ जनाले प्रथम, दिृतिय र तृतिय स्थान हासिल गरेको अवस्थाको सृजना भएको पाइएको छ ।

## तालिका नं.६


## उच्च शिक्षा हासिल गर्ने अभिभावकहरुका विद्यार्थी उपलब्धि स्तर

| क्र. सं. | विद्यार्थीको नाम | ने. | अं. | ग. | वि. | सा. | पे. | स्वा. | नै. | कम. | परिणाम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ५० | ५० | | |
| १ | सन्दिप पराजुली | ४६ | ६४ | ३८ | ७२ | ६२ | ४३ | ३१ | ३८ | ७६ | उर्तिण | |
| २ | हितकलाभण्डारी | ३६ | १९ | ३९ | ३८ | ५१ | ४४ | १६ | १७ | २३ | २ विषय | |
| ३ | आस्विन लुईटेल | ४२ | २६ | ०८ | ४४ | ४३ | ३६ | १९ | २५ | ३६ | २ विषय | |
| ४ | युनिका दाहाल | ६५ | ८७ | ५७ | ५५ | ६१ | ६७ | १६ | २९ | ९१ | प्र.श्रे. | |
| ५ | डेनिसा निरौला | ५६ | ७८ | १७ | ६४ | ५८ | ६० | ३९ | ३७ | ६० | १ विषय | |
| ६ | चन्दा साह | ३२ | ४६ | १४ | ३२ | ३२ | ४६ | १९ | २१ | ३२ | १ विषय | |
| ७ | साहिल श्रेष्ठ | ५२ | ६५ | ७५ | ५८ | ७६ | ४४ | | | ४० | ४८ | प्र.श्रे. |
| ८ | संगम भारती | ८८ | ८८ | ९९ | ९३ | ९४ | ४८ | | | ५० | ९० | वि.श्रे. |
| ९ | सरोज गुरुङ्ग | ६७ | ६९ | ६७ | ७१ | ८४ | ४६ | | | ३३ | ७० | प्र.श्रे. |
| १० | सुनिल राई | ७७ | ७६ | ९७ | ९३ | ९१ | ४८ | | | ४६ | ७६ | वि.श्रे. |
| ११ | आरती तामाङ्ग | ७० | ७१ | ८० | ९० | ८२ | ४८ | | | ४६ | ७८ | वि.श्रे. |
| १२ | रेश्मा राई | ६४ | ७७ | ५२ | ६४ | ७६ | ४१ | | | ४८ | ६४ | प्र.श्रे. |
| १३ | सायाबुङ्ग | ७३ | ८४ | ७८ | ७८ | ८५ | ४७ | | | ४१ | ८३ | वि.श्रे. |
| १४ | सुनिल राई | ७७ | ७६ | ९७ | ९३ | ९१ | ४८ | | | ४६ | ७६ | वि.श्रे. |
| १५ | नितेष बन | ६७ | ९३ | ७२ | ८८ | ८६ | ४५ | | | ४९ | ७८ | वि.श्रे. |
| १६ | मेरी श्रेष्ठ | ७७ | ९४ | ९१ | ९१ | ३५ | ५० | | | ४९ | ७४ | वि.श्रे. |
| १७ | सपना थापा | ८८ | ८८ | ९४ | ७४ | ९२ | ५० | | | ४८ | ८० | वि.श्रे. |
| १८ | मनिषा तुम्रोक | ७८ | ८६ | ८१ | ८८ | ९० | ४९ | | | ४५ | ८० | वि.श्रे. |
| १९ | अनिषा गिरी | ९० | ९० | ९८ | ९७ | ९६ | ४९ | | | ४९ | ८९ | वि.श्रे. |
| २० | अमिषा राई | ८९ | ९२ | ९९ | ९७ | ९६ | ४९ | | | ४९ | ९३ | वि.श्रे. |
| २१ | पुष्पल गिरी | ७८ | ७४ | ९२ | ६७ | ७५ | ४४ | | | ४८ | ७७ | प्र.श्रे. |
| २२ | भावनाबुढाथोकी | ५७ | ५६ | ८४ | ४७ | ५४ | ३८ | | | ४४ | ६४ | प्र.श्रे. |

**श्रोतः सर्बेक्षण स्थल**

माथिको तथ्य अनुसार ६ जना सामुदायिक विद्यालय र बाँकी १६ जना संस्थागत विद्यालयका उच्च तहसम्म अध्ययनरत अभिभावकहरुको तथ्यांक हेर्दा उपलब्धि स्तर निकै बृद्धि भएको देखिन्छ। विशिष्ट श्रेणीमा उर्तिण हुने विद्यार्थी संस्था ११ पुगेको देखियो। तर यिनीहरु सबै संस्थागत विद्यालय अन्तरगतका विद्यार्थीहरु हुन्। जसका अभिभावक उच्च शिक्षासम्म अध्ययन गर्न सफल थिए र धेरै शैक्षिक उपलब्धि हासिल गरेर आफना बालबालिकालाई पनि सफल बनाउन सकेका थिए।

**अभिभावक शिक्षा र विद्यार्थी उपलब्धिको वक्र चित्र रेखा**




**अभिभावकको शैक्षिक स्तर**

यस बक्र अनुसार अभिभावक शिक्षा स्तर बडेर जाँदा विद्यार्थीको उपलब्धि स्तरसँगै उतिर्ण संख्यामा बृद्धि भएको र अभिभावकको शैक्षिक स्तर कम हुँदा विद्यार्थी उपलब्धि स्तरसँगै विद्यार्थी अनुतिर्ण संख्या बडेर गएको बक्रचित्र रेखाले जानकारी गराउँदछ।

### ५.२ उपलब्धी बढाउन अभिभावकको भूमिकाः

### ५.२.१ अभिभावक शिक्षा र विद्यार्थी नियमितताः-

निरन्तर प्रयासको उपज हो उपलब्धि । विद्यार्थी विद्यालयमा नियमित हुनु उपलब्धि स्तरलाई टेवा पुऱ्याउनु सरह हो । प्रत्येक दिनको सिकाईको चेनसँगै जोडिने उपलब्धि खस्कनुमा अभिभावकले आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउन नसक्नुका कारणले पनि हुन सक्दछ । जसको ज्ञान शिक्षित अभिभावक साथै साक्षर दुवै खाले अभिभावकलाई हुन जरुरी छ । हाम्रा विद्यार्थीले कम नम्बर ल्यायो, फेल भयो वा प्रगति गरेन भनी गुनासो पोख्नु भन्दा पहिले, यस्ता विद्यार्थीका समस्यालाई बुझ्न र नियाल्नु पर्ने हुन्छ, किनकी सबै मानिसका क्षमता सिकाई प्रक्रियाले बढाउने हो । कोही पनि जन्मजात सिकेर दक्ष भएर जन्मिएको हुदैन । बारम्बार प्रयत्न, प्रयास, मेहेनत पछि मात्र सफलता हाँसिल गर्न सकिने हुनाले विद्यार्थीको नियमितता उपलब्धि स्तर बढाउने अर्को महत्वपूर्ण निर्धारक हो । यस्ता नियमित नहुने विद्यार्थीहरुलाई नियमित बनाउन सकिने उपाय अभिभावक र शिक्षक दुबै पक्षबाट प्रयास गरी सुधारका बाटोतिर पाइला चलाउन सके मात्र विद्यार्थीलाई चाहेको जस्तो असल र सफल बनाउन सकिन्छ । सामूदायिक र संस्थागत विद्यालयहरु विचको नियमितता र अभिभावक शिक्षासँग गाँसिएर आएको उपलब्धि स्तरले एक आपसमा निकै गहिरो सम्बन्ध स्थापित गरेको कुरा यस तथ्यांकले जनाउँदछ ।

प्र.अ. कक्षा शिक्षक तथा हाजिरीको रेकर्ड अनुसार न्यून स्तर अभिभावक शिक्षा भएका विद्यार्थीहरु बार्षिक सरदर ३० देखि ३६ दिनसम्म अनियमित हुने, मध्यस्तर एस.एल.सीसम्मका शैक्षिक स्तर भएका अभिभावकका विद्यार्थी १५ देखि २४ दिनसम्म अनियमित हुने र उच्च स्तर शिक्षा भएका अभिभावकहरुका विद्यार्थी १० देखि १२ दिनसम्म विद्यालय अनियमित हुने रेकर्ड तथा अन्तरवार्ताले पुष्टि गरेको बताईएको छ ।

### ५.२.२ अभिभावक शिक्षा र पेशा निर्धारणः-

वालवालिकाको उपलब्धिसँग अभिभावक शिक्षा र विद्यालय उपस्थिति वा नियमितता जोडिएको हुन्छ भन्ने तथ्य माथिका आँकडाहरुबाट प्रष्ट भएको देखिन्छ । यस्तो अवस्था र यर्थाथलाई सजिलै स्विाकार गर्न गाह्रो भए पनि अध्ययन अवलोकन र खोजले देखाएको परीणाम गलत हुन सक्दैन । हाम्रो विद्यालयहरुमा विभिन्न तह र स्तरका अभिभावकहरु सहभागि भएका हुन्छन् । शिक्षक, व्यापारी, कर्मचारी, परिचारक, डाक्टर, नर्स, मिस्त्री, राजनितिज्ञ, समाजसेवी, कृषक जस्ता भिन्नाभिन्नै पेशा अपनाएर आपशहरुना बालबालिकाहरुलाई विद्यालयमा शिक्षा दिईरहेको हुन्छन् । सामुदायिक र संस्थागत विद्यालयहरुमा भएको आधारभूत तहका बालबालिकाहरुका आमाबुबाको शिक्षा पेशाले बालबालिकाको शिक्षण सिकाई क्रियाकलापमा कस्तो प्रभाव पार्दछ र

यस्ता विद्यालयहरुमा कस्ता पेशा व्यावसाय भएका अभिभावकहरु रहने गर्दा रहेछन् भन्ने कुरालाई निम्न तथ्यांक अनुसार स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ७**

अभिभावकको पेशा

| १) रा.उ.मा.वि. | ३) हिमशिखर बोर्डिङ्ग |
|---|---|
| शिक्षक→४ (५ %) | २ (२८%) |
| अफिसर →२ (२.५%) | २ (८%) |
| आर्मी →२ (२.५%) | ७ (८%) |
| पुलिस →१ (२.५%) | १ (४%) |
| व्यापारी →५ (७.५%) | ३ (१२%)) |
| अन्य →६६ (८०%) | ९ (३६%) |
| (कृषक, मिस्त्री, ड्राइभर, बैदेशिक रोजगार) | |
| जम्मा अभिभावक ८० जना | २५ जना |

श्रोत: सर्वेक्षण स्थल

माथिको तथ्यांक अनुसार सामुदायिक विद्यालयहरुमा अधिकांश अभिभावकहरुको पेशा कृषि, रोजगारी, बैदेशिक रोजगारी रहेको पाइयो अर्थात ६६ प्रतिशत भन्दा माथिका अभिभावकहरुको पेशा न्यून स्तरको रहेको देखियो भने संस्थागत विद्यालयहरुमा ३६ प्रतिशत अभिभावकहरु मात्र न्यून अर्थात बैदेशिक रोजगारमा आधारित देखियो ।

त्यसकारण विद्यार्थीको उपलब्धिलाई अभिभावक शिक्षा र पेशाले पनि उत्तिकै प्रभाव पर्दछ भन्ने कुरालाई इन्कार गर्न सकिन्न ।

**५.२.३ विद्यार्थीका आवधिक परीक्षाफल प्रकाशित भईसके पश्चात विद्यालयमा सम्पर्क र समन्वय गर्ने अभिभावकहरुको अवस्था:**

वालवालिकाको सिकाई उपलब्धिसँग प्रत्यक्ष सरोकार अभिभावकको रहनु पर्दछ । सामुदायिक विद्यालयहरुमा अभिभावकको रुचि चासो र उत्सुक्ता धेरै न्यून रहेको अवस्था छ । प्रत्येक वर्ष भित्र पहिलो, दोस्रो र तेस्रो परीक्षाहरु संचालन भईरहन्छ । ढिलै भए पनि त्यस्ता परीक्षाहरुको नतिजा विद्यार्थी, अभिभावक समक्ष पठाइन्छ । अधिकांश बालबालिका असफल भएको अवस्था छ, सुधार गरिनु पर्ने धेरै पक्षहरु छन् तर विद्यार्थीका अभिभावकहरु सन्तुष्ट भएर घरमै बसिरहनुका कारण सामुदायिक विद्यालयका विद्यार्थीहरुमा र अभिभावकहरुमा व्यवहार परिवर्तन हुन सकेको देखिदैन ।

कार्यलयको तर्फबाट पनि अनिवार्य अभिभावक उपश्थितिको सुचना गर्न चुकेको अवस्था छ र प्रत्येक विषय शिक्षकहरु विना, निर्देशन विना मिर्याको मेलो भएको अवस्थाबाट गुज्रिएको स्पष्ट देख्न सकिन्छ । यसको खोजी अनुसन्धान कुन पक्षले बढी गर्नु पर्ने हो अन्योलको विषय बनेको छ । अन्तिम दोषको भागेदार सरकारी शिक्षक बन्ने गरेको तिक्तता प्रत्येक शिक्षकले अनुभूत गरेको हुनु पर्दछ । जसलाई निम्न रुपमा प्रस्तुत गरिन्छ ।

**तालिका नं.८**

परीक्षाफल प्रकासित भए पछि विद्यालयमा सर्म्पक राख्ने अभिभावकहरुको संख्या विवरणः-

| १ | विद्यालयको नाम | विद्यालयमा सर्म्पक गर्ने अभिभावक संख्या | विद्यालयमा सर्म्पक नगर्ने अभिभावक संख्या |
|---|---|---|---|
| | राष्ट्रिय उ.मा.वि.<br>जम्मा विद्यार्थी - ८० | ८ (१० प्रतिशत) | ७२ (९० प्रतिशत) |
| ३ | हिमशिखर बोर्डिङ्ग<br>जम्मा विद्यार्थी - २५ | २० (८० प्रतिशत) | ५ (२० प्रतिशत) |

श्रोतः सर्वेक्षण स्थल

तुलनात्मक रुपमा प्रत्येक संस्थागत विद्यालयको आवधिक परीक्षाहरुमा परीक्षाफल प्रकाशित हुनसाथ कमजोर अथवा एउटा विषय लाग्ने साथ विद्यार्थीका अभिभावक भोलिपल्ट विद्यालयमा उपश्थित हुन्छन् । के कारण बच्चा फेल भयो? अब फेल नहुने उपाय के हो? कुन बिकल्प छ विद्यार्थीलाई सफल बनाउने? सम्भावनाका सबै विकल्पहरु अभिभावकले लिने गर्दछन् । त्यसका साथै प्रसासनिक पक्षबाट बच्चाले निम्न कारण फेल वा असफल भएको हो भन्ने कारण बताई सजग र पुनवेल प्रदान गर्ने कार्यक्रम तुरुन्त लागू गराउने योजना तयार हुने गर्दछ ।

त्यस कारण अभिभावक शिक्षाको अभावका कारण विद्यार्थी सिकाई उपलब्धि प्रक्रियामा अवरोध सृजना भएको हो । यस अध्ययनले बताए अनुसार सामूदायिक विद्यालयको १ देखि २ प्रतिशत अभिभावक आफ्ना बच्चाको आवधिक परीक्षाको परीक्षाफलको विषय लिएर विद्यालय आउने  गरेको पाइयो भने संस्थागत विद्यालयहरुमा ८० प्रतिशत भन्दा बढी अभिभावकहरु विद्यालय प्रशासन आई छलफल गर्ने र समस्याको समाधान खोज्ने जानकारी पाईयो ।

प्रत्येक सामुदायिक विद्यालयहरुको कक्षा शिक्षकहरुले अभिभावकहरुलाई पठाउनु भएको परीक्षा लब्धांक पत्र पाउनु भएको छ वा छैन त्यसको पनि कुनै लेखाजोखा नरहेको शिक्षकहरु बताउनु हुन्छ भने प्रशासनिक रुपमा पनि रेकर्डिङ्ग गर्ने तथा विद्यार्थीलाई आवश्यक कारवाही सजाय केही नगरी छाडिदिने प्रवृत्ति साथै सरकारको उद्धार कक्षोन्नती नितिले गर्दा विद्यार्थी सिकाई

उपलब्धि तथा अपेक्षित व्यवहार परिवर्तन गराउन नसक्नाले दिन प्रतिदिन विद्यार्थीमा निम्मेवारीको भावना प्रस्फुटन गराउन, अनुसासित बनाउन, तगनशिलता, संम्यमी, अनुकरणीय, सक्रिय बनाउन नसकि रहेको अवस्था देख्न सकिन्छ ।

यद्धपि विद्यालयहरुले आर्थिक बर्ष भरी शिक्षा नियमावली अनुसार वार्षिक अर्धवार्षिक र अध्यावधिक परीक्षा लगायत अतिरिक्त क्रियाकलाप, परियोजना कार्य, विषय शिक्षक गृह कार्य लगायतका विभिन्न योजनाहरु निरन्तर रुपमा प्रदान गरिरहेको अवस्था देखिन्छ ।

**५.२.४ अभिभावक शिक्षा र विद्यार्थीका विषयसँगको सम्बन्धः-**

सामुदायिक र संस्थागत विद्यालयका आधारभूत तहका विद्यार्थीका अभिभावकहरुसँगको छलफल, प्रश्नावली र अन्तरक्रिया गर्दा प्राप्त भएको तथ्यहरु निम्न अनुसार छन् ।

**तालिका नं.९**

| | विद्यालयको नाम | आफ्ना बच्चाहरुको विषयमा थाहा पाउने र भन्न सक्ने अभिभावक संख्या र प्रतिशत | आफ्ना बच्चाहरुको विषयमा थाहा नपाउने र भन्न नसक्ने अभिभावक संख्या र प्रतिशत |
|---|---|---|---|
| १ | राष्ट्रिय उ.मा.वि. जम्मा विद्यार्थी - ४० | १५ (१९ प्रतिशत) | ६५ (८१ प्रतिशत) |
| ३ | हिमशिखर बोर्डिङ्ग जम्मा विद्यार्थी - २५ | २४ (९६ प्रतिशत) | १ (४ प्रतिशत) |

श्रोतः सर्वेक्षण स्थल

यस तथ्यबाट सजिलै देख्न सकिने अभिभावक र विद्यार्थीसँगको सम्बन्ध प्रष्ट हुन्छ । संस्थागत विद्यालयहरुका अभिभावक ज्यूहरु आफ्ना बालबालिका अर्थात आफ्ना सन्तान प्रति किन जिम्मेवार बन्न सकिरहनु भएको छैन? आफ्ना सन्तानको माया गर्नु भन्दा जिम्मेवारी बहन गर्ने काम ठुलो हो भन्ने ज्ञान कहिलेसम्ममा अनुभूत गराउन सकिन्छ? यस कार्यक्रमको प्रभावकारी योजना कहिले बन्न सक्छ? विषय गम्भिर छ । आफ्नो लागि सरकारको मुख ताक्ने बानी कहिलेसम्म चलिरहन्छ? विश्व र विकासले हाम्रो चेतनाको स्तरलाई कहिले सम्ममा छुला?

शिक्षा परिवर्तनको मूलधार हो तर त्यही शिक्षा आर्जन गर्ने विद्यार्थीका अभिभावक यस्तो सुस्त अवस्थामा रहिरहनाले कस्तो परिवर्तनको आशा राख्न सकिन्छ? निकै कठिन कार्य योजना अनि आन्तरिक चाहानाको खाँचो छ अभिभावकहरुलाई फलस्वरुप संस्थागत विद्यालयहरुका अभिभावकहरु

स्वयम सक्रिय देखिन्छन् । आफ्ना वालबच्चाको विषयप्रति सचेत देखिन्छन् ९६ प्रतिशत आमाबुवालाई आफ्ना बच्चाको विषयहरु थाहा छ र भन्न सक्छन् । यस तथ्यले अभिभावक सक्रियतालाई विद्यार्थी उपलब्धिमा प्रभाव पारेको तुलनात्मक अध्ययन गरेको छ ।

अभिभावक र शिक्षकको प्रेरणा बिना विद्यार्थीको उपलब्धिको विकास हुन सक्दैन । आफ्ना छोराछोरीको पढाई प्रति आफ्नो पनि उत्तिकै दायित्व हुनुपर्ने भावनाको विकास अभिभावक स्वयममा हुन पर्दछ । विभिन्न विषयहरु प्रतिको रुचि चाहना अनुसार सबै विषयहरु उत्तिकै महत्वपुर्ण भएको बोध गराउने जिम्मेवार ब्यक्ति अभिभावक नै हुन् । किनकी विद्यालयहरुले प्रत्येक विषयका सक्षम तालिम प्राप्त शिक्षक विद्यालयमा स्थापित गरिदिएका छन् ।

संस्थागत र सामुदायिक दुबै विद्यालयहरुले आधारभूत तहको कक्षा ६ र ७ मा पूर्ण रुपमा विषयगत शिक्षकहरुलाई नै खटाई पाठयक्रमले तोकेको उद्देश्य अनुरुप अध्ययन अध्यापन गराईरहेको जानकारी प्राप्त भए अनुसार अभिभावकहरु नै बढी सजग रहनु पर्ने अवस्था अध्ययनले बताँउदछ ।

जब एउटा विद्यार्थी अथवा एउटा बच्चा असफल हुन्छ त्यसको जिम्मेवारी कसले लिने? अभिभावकले कोसँग सर्म्पक राख्ने? प्रशासकले कस्लाई सुचित गर्ने? वास्तवमै पहिलो जिम्मेवारी अभिभावक र प्रशासकको नै देखिन्छ । अभिभावकलाई आफ्ना बच्चा किन कसरी असफल भएका हुन् भनि विद्यालयमा आएर सोध्ने ठाँउ र ब्यक्ति नै विद्यालय प्रमुख वा प्रशासकको टेवलमा हो । विद्यालयका सम्पुर्ण विद्यार्थीहरुको लेखाजोखा र मुल्यांकन गरिएर राखिएको मापन योग्य मूल्यांकनका रेकर्डहरु विद्यालय प्रशासकले आफ्नो अगाडि राखेर सोधिएका प्रश्नहरुको सही जवाफ दिन सक्ने क्षमता राख्न सक्नु पर्दछ । विद्यार्थीका आवधिक उपलब्धिहरुको तुलनात्मक अध्ययन सुधार गर्नु पर्ने पक्षहरु र अन्य व्यवहारिक परिवर्तन सम्बन्धित लेखाजोखा र अन्तरक्रियाहरु शिक्षक-अभिभावक तथा सरोकारवाला बुद्धिजिवी, समाजसेवी तथा शिक्षाकर्मीहरुसँग गरिरहनु पर्दछ । फलस्वरुप प्राप्त सुचना, सुझाव र योजनाहरु सम्पुर्ण शिक्षक कर्मचारीहरुसँग समन्वय, राय र निर्णय लिई कार्यक्रम संचालन गराउन सक्नु पर्दछ । ब्यक्तिगत छलफल, सामूहिक छलफल र नितिगत निर्णयहरुका बारेमा अभिभावक तथा शिक्षकलाई अध्यावधिक गराइरहने जिम्मेवार ब्यक्ति प्रशासक हुन सक्नु पर्दछ । विना कुनै योजना, विना प्रतिवद्धता र विना योग्यताको प्रशासक, राजनैतिक खेलको आधारमा र समर्थन र नियुक्तिका आधारमा नभएर लिखित तथा निर्धारित कानुन बमोजिम अनुभवि, दक्ष र परिवर्तनमूलक ब्यक्तिको चयन राष्ट्रब्यापी छनौटका आधारमा गरिएको हुनु पर्ने सबैको चाहना हो । के यस्ता सक्षम र दक्ष प्रशासक हाम्रा सबै विद्यालयहरुमा पाउन सकिन्छ? के सरकार पक्षबाट विद्यालय प्रशासक बन्न सक्ने कुनै राष्ट्रब्यापी नियमावली कानुनको व्यावस्था भएर पनि सहमतिमा

प्रशासक बनाउने प्रवृत्तिले कहिलेसम्म निरन्तरता दिने हो? अथवा कुनै पनि प्रशासकको चयन गर्दा उनको कार्यावधिको दिर्घकालिनताको, सक्षमताको, स्थिरताको लेखाजोखा गर्ने हो वा २-४ जनाको पहुचताको सहमतिमा संस्थात्मक विकास र प्रसिद्धीका लागि मात्र पनि पद धारण गर्ने वा गराउने हो यसको प्रभाव जहाँ तही देख्न सकिन्छ । १-२ बर्ष सेवा अवधि बाँकी छ, जीवनभर शिक्षक भएर वित्यो उसलाई प्रशासक बन्ने कत्रो सपना किन पलाएको होला? आफ्नो दक्षता भन्दा माथि रहेका व्यक्तित्वको कानुनी अपमान किन कसरी गर्न सकेको होला शिक्षक स्वयम्ले । सहमतिलाई कानुन बनाउने प्रवृत्तिको सृजना जवसम्म रहला, अर्थात कानून भन्दा सहमति ठूलो हुने प्रचलन जुनदिन सम्म रहला । राजनैतिक भागवण्डाको दाउपेचले प्रशासक चयन गर्ने प्रणाली जहिलेसम्म शिक्षा क्षेत्रमा रहला यसको परिणाम सर्ब साधारण अभिभावकका बालबालिका तथा सोझा पहुँच बिनाका इमान्दार र दक्ष शिक्षकहरुले भोग्नु पर्ने अवस्था हुनेछ ।

एउटा सामुदायिक विद्यालयमा एक दशकमा कतिजना प्रशासकले प्रशासन चलाउने हो? वा प्रशासकको कौशलताको मापदण्ड के हुनु पर्ने हो? कुनै लेखाजोखा देखिन्न । अवसर मिलायो पद ग्रहण गरिहाल्यो । सहमतिमा दक्षता, क्षमता र कौशलताको कुनै मूल्यांकन नगरी जीउ-हजुर हुन्छ र अडकलको भरमा कानून, नियमावली र ऐनलाई एकातिर राखी पहुँचबालाको दम्भका भरमा प्रशासक चयन गर्नाले धेरै अपरिपक्क घटनाहरु घटेको अवस्थाहरु हाम्रै अगाडि देखिन्छ । यसको ठोस दिर्घकालिन र स्थीर प्रशासक निर्माण गर्न सरकार पक्षसँग पनि कुनै योजना नआएको भन्ने जानकारी जि.शि.काले दिएको छ । साथै सुनसरी जिल्ला भरि त्यस्ता परीक्षा उतिर्ण भएका दक्ष प्र.अ. कोही पनि नभएको जानकारीमा आएको छ ।

यो तथ्यका आधारमा सुनसरी जस्तो नेपालकै भौतिक, आर्थिक र भौगोलिक रुपमा सुगम जिल्ला कहलिएको जिल्लामा मापदण्ड पुरा भएको विद्यालय प्रशासक कोही नहुनुले शिक्षकहरुकै असक्षमताको राम्ररी मूल्यांकन गर्न सकिन्छ । यस अध्ययनले हाम्रा सामुदायिक विद्यालयहरुका र संस्थागत विद्यालयहरुमा प्रशासन चलाउने कोही पनि प्र.अ.हरु सक्षम र मापदण्ड पुरा नगरेको यस अध्ययन अवधिभर सम्मको लागि जानकारी गराउँदछ । यस अध्ययनले सही सत्य तथ्य कुरालाई स्विकार गरी आँउदा भावी योजनाहरुमा शिक्षकले पूरा गर्नु पर्ने मापदण्डलाई आफैबाट लागू, गराउन सके मात्र आफ्ना सहयोगी तथा विद्यार्थी र अन्य सरोकोरवाला व्यक्तित्व, बुद्धिजिवीहरुको अगाडि आफु सम्मानित भएको र सक्षम भएको महशुस गर्न सक्नेछन् साथै गर्वको महशुस गर्न सक्नेछन् ।

माथि भएका तथ्य जिल्ला भरिका सबै विद्यालयहरुको प्र.अ.हरुका अवस्था हुन् । कतै यस्तै र यही कारणले हाम्रा विद्यालयहरु सँधै अस्तव्यस्त बनेका त होइनन्? प्रश्न चिन्ह खडा भएको छ?के

जनता र अभिभावकहरु यस्ता समस्या बुझ्न सक्ने अवस्थामा पुगेका छन् त? वि.व्यवस्थापक समितिले जि.सि.का.सँग यस्ता मापदण्डको पूर्ति गराइ पाँउ भन्ने आवाज उठाउन सक्छन्? र चाहान्छन्? समस्या जटिल र अन्योल अवस्थामा छ। आखिर किन मापदण्डको नियमावली र ऐनको अन्देखा गरिन्छ? यसको उत्तर आउँदा दिनहरुको गर्भमा रहेको छ। भोलिको अवस्था जे भए पनि सम्बन्धित विद्यालयहरुको प्र.अ.सँगको छलफल र प्रश्नावली अनुसार विद्यालयको प्र.अ. भएर कार्य सम्पादन गर्दा व्यवस्थापन पक्ष शिक्षक, अभिभावक र विद्यार्थीहरुसँग कस्तो प्रकारको सहजिकरण भए प्रशासन चलाउन सजिलो होला भन्ने प्रश्न गर्दा निम्न अनुसारको अभिव्यक्ति प्राप्त भएको जानकारी गरीन्छः-

**५.२.५ प्र.अ. श्री ऋषिराज खनालको विभिन्न व्यक्तिहरु प्रतिको धारणाः**

**१. व्यवस्थापन समिति प्रतिको धारणा**

सामुदायिक विद्यालयका सबै व्यवस्थापन समितिका पदाधिकारीहरुको एउटै मत विद्यालय सूधार १ मात्र स्वार्थ भइदिए । राजनैतिक स्वार्थ नभईदिए शिक्षकहरुको निर्णयलाई पनि सुन्न सक्ने क्षमता भए । शिक्षा क्षेत्रबाटै अवकास भएका व्यक्तिहरु भइदिए ।

**२. शिक्षक प्रतिको धारणा**

आफ्नो काम, कर्तव्य प्रति निस्ठावान, जिम्मेवार, मिलन सार, सक्रिय, नियमित तथा सक्रिय, सम्यमी भई शिक्षण सिकाइमा सक्रिय भइदिए । शिक्षक नेता भन्दा बढी विद्यार्थी नेता भइदिए । विद्यार्थी र विद्यालय संचालनमा आफ्नो पूर्ण सर्म्पक भइदिए । अध्यावधिक भइदिए ।

**३. अभिभावक प्रति धारणा**

विद्यार्थी प्रति धेरै सम्वेदनशील भइदिए । आफ्ना बालबच्चाका उन्नति प्रगतिका लागि विद्यालयसँग निरन्तर सम्पर्कमा आईदिए । सरसफाई नियमितता, अनुशासन, गृहकार्य, परियोजना कार्य तथा विद्यालयको सबै क्रियाकलापमा समन्वय गर्न सक्ने सजग भइदिए ।

**४. विद्यार्थी प्रति धारणा**

अनुशासित, नियमित, सक्रिय तथा सिकाइका लागि तत्पर परिवर्तन गर्न सक्ने सरल विद्यार्थी भइदिए । विद्यालय प्रति, शिक्षक प्रति र अभिभावक प्रति गर्व गर्ने सोचको विकास गराउन सकिने विद्यार्थीको अपेक्षा

प्रशासनिक व्यक्तिको सरोकारवाला पक्षहरुसँगको सबै अपेक्षा पूरा हुन सबै पक्षले आ-आफ्ना तह र पक्षबाट सहयोग मिलोस भन्ने अध्ययन कर्ताको पनि शुभेक्षा रहेको जानकारी छ ।

**५.२.६ अभिभावक शिक्षा र विद्यार्थी स्वभाव सम्बन्धि अध्ययनः-**

विद्यार्थीको पहिलो विद्यालय घर हो । जहाँ उ जन्मेर हुर्किन्छन् साथै खाने, उठने, वस्ने, लाउने, बोल्ने जस्ता आवश्यक सीपको विकास घरबाटै सिकेका हुन्छन् । आमाबुवा र घरका अन्य सदस्य सबै बालबालिकाका सिकाई कार्यलाई सहयोग पुऱ्याउने सहजकर्ता हुन्। आफ्नो बालबच्चालाई आफ्नो धर्म, संस्कार, संस्कृति अनुसार काम गर्ने तरिका बोल्ने भाषा र लगाउने पोशाक आदिको जरुरत पूरा गरिदिने कार्य गर्दछन् । हाम्रा सामुदायिक तथा संस्थागत विद्यालयहरु विभिन्न जात, जाति, धर्म संस्कृति र रितिरिवाज भएका विद्यार्थीहरुको समुदाय हो । प्रारम्भिक कक्षाहरुमा नेपाली भाषा घरमा प्रयोग नहुनेहरुका लागि निकै कठिन र नौलो सम्वादसँगै पठन पाठनको सुरुवात हुन्छ । जसको कारण शिक्षण-शिकाई कार्यमा समस्या उत्पन्न हुन सक्दछ ।

यसैकारण पनि कति विद्यालयमा मात्रीभाषा प्रयोग गरी विद्यालय आउने विद्यार्थीहरुको सिकाइ उपलब्धि कम भएको अध्ययनले बताएको छ ।

यस अध्ययनले कक्षा ६ र ७ मा अध्ययनरत विद्यार्थीहरुको घर परिवारको अवस्था, पेशा, शिक्षा र उनीहरुले गर्ने व्यवहार प्रतिको प्रश्नोत्तर, छलफल तथा अवलोकन गर्दा पाइएको तथ्यहरुलाई वर्गनात्मक विधिद्धारा प्रस्तुत गरिएको छ ।

मातृभाषा प्रयोग गर्ने विद्यार्थीहरुमा सबै भन्दा धेरै चौधरी समूदायका बालबालिकाहरु पर्दछन् । यस समाजका अभिभावकहरु अत्यन्तै कम शिक्षित, धेरै जसो ज्याला मजदुरीले गुजारा चलाउने, सोझा र आफ्नै समूदायभित्र मात्रै रमाउने आतिको रुपमा देखिएको । त्यसरी नै विद्यार्थीहरुमा पनि त्यस्तै स्वरुप पाइएको छ । कक्षाकोठामा बसाइको अवस्था, जोडी र समूह बनाउने इच्छा, साथै उनीहरु भित्र बोलिने भाषा मिलेको कारण एउटै भाषा प्रयोग गरी वार्तालाप गरेको पाइन्छ । यसका साथै हामी गुरु वर्गको भाषा प्रयोगले अन्य विद्यार्थीको तुलनामा कम प्रभाव पारेको देखिन्छ । जसले उनीहरुको सुझबुझमा कमी ल्याई उपलब्धि स्तर कम भएको हो भन्न सकिन्छ ।
भाषाकै कारण कुनै पनि प्रक्षेपणका कार्यहरुमा ढिलो प्रतिक्रिया आउने देखिन्छ । अन्य सहपाठीहरुले गरेको देखेर पछि लाग्ने, फेरी पुनः सोधेर मात्र कार्यलाई निरन्तरता दिने गरेको पाइयो ।

त्यसरी नै अन्य जनजाति विद्यार्थीहरुमा पनि यस्तै समस्याहरु आएको देखिन्छ । ढिलै कुरा बुझ्ने समस्याले सुझबुझमा समस्या तथा उपलब्धि स्तरमा कमि ल्याएको कारण पत्ता लागेको छ ।

सीप, पेशा र समूदायको अवस्थासँगै विद्यार्थीहरुको स्वभाव रहेको केही उदाहरणहरु छन् । जस्तैः गाडी लाइनमा काम गर्ने अभिभावकहरुका बालबालिका खुल्ला बोली र संस्कार भएका र गुरुहरुसँग पनि त्यसरी नै व्यवहार गरेको पाइन्छ । आफ्नो अभिभावकसँग नबस्ने, आफन्तका बसी विद्यालय आउने विद्यार्थीहरु धेरै मात्रामा चूप चाप बस्ने डराउने पाइयो भने न्यून मात्रामा धेरै उदण्ड भएको पाइयो ।

घरको खुल्ला वातावरण, खुल्ला समाज तथा नागरिक नितिनियम बुझ्न नसक्ने अभिभावकका बालबालिकाहरुले आफ्नो लगायत आफना बालबालिकाको भविष्य पनि बुझ्न नसकेको अवस्था छ ।त्यही घरपरिवारको शिक्षा अनुसार विद्यालयमा पनि आफ्नो स्वभाव प्रर्दशन गर्ने गरेको पाइयो ।

यसो भनि रहँदा सम्पुर्ण सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई एउटै उपलब्धि स्तर र स्वभाव भएका छन् भनिएको होइन । २० देखि २५ प्रतिशत वालबालिकाहरुको उपलब्धि स्तर स्वभाव र अनुशासन साधारण सभ्य र प्रसंशनीय छन् । रुचि तथा आफ्नो घरको अवस्था बुझि

एकदमै कडा मेहेनत साथ प्रस्तुत हुन्छन् साथै विशिष्ट श्रेणी ल्याउने विद्यार्थीहरुमा आफुलाई पार्न सकेको तथ्य पाइएको छ ।

यी सम्पुर्ण अवस्थालाई तुरुन्त परीवर्तन गर्न नसकिए पनि विद्यालयले सम्पुर्ण अभिभावकहरुलाई विद्यार्थीको स्वभाव तथा अनुशासन सम्बन्धि वर्षमा २-३ पटकसम्म प्रशिक्षण कार्य नै संचालन गरिनु पर्ने अवस्थाका खाँचो देखिएको छ ।

**५.२.७ विद्यार्थीको उपलब्धि स्तर बढाउने सम्बन्धमा व्यवस्थापन पक्षको धारणाः-**

सर्वप्रथम त विद्यालय व्यवस्थापनका शैक्षिक निति नियमावलीहरुसँग साँझेदारी गर्ने प्रयासको सुरुवात वि.सं.२०५९/०६० को दशकबाट सुरुवात भएको हो । यस अवधिदेखि विद्यालयभित्रका आर्थिक, भौतिक तथा शैक्षिक निर्णयहरु गर्ने जिम्मेवारी वि.व्य.स.लाई तोकिएको छ । यसको साथै शिक्षक नियुक्ति, बार्षिक योजना, तलब भत्ता, भ्रमण, आय-व्यय लगायत विद्यालयको प्रशासनिक कार्यहरुमा सहकार्य गर्ने जिम्मा पनि वि.व्य.स. को क्षेत्र अधिकारमा पर्दछ ।

यी सम्पुर्ण जिम्मेवारीसँगै नयाँ शिक्षा प्रणालीमा सहयोग गर्ने वि.व्य.स.भित्र विभिन्न राजनैतिक पकड भएका, शिक्षामा अनुभवी समाजसेवी, बौदिक क्षेत्रबाट छनौट भएर आउनु पर्ने भएता पनि सम्बन्धित विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका आमा बुवा तथा बाजे बजुले मात्र सहायता प्राप्त गर्न सक्ने नियमले आवश्यक र उचित व्यवस्थापक तथा शिक्षक अभिभावकहरु हुन नसकेको स्वयम् समितिको अनुभव छ ।

त्यसमा पनि राजनैतिक हस्तक्षेप र पक्ष-विपक्षका विचारहरुले सुमधुर रुपमा विद्यालय विकास तथा सुधार गर्न कठीन हुने जानकारी विद्यालयका गतिविधि भित्रका असमर्थता आफ्नै स्वार्थका कारण र नियम नियमावली भित्र कस्को निर्णय आधिकारिक हो भन्ने दुविधाले उत्पन्न भएको स्विकार । शिक्षक-विद्यार्थी सक्रिय भए उपलब्धि स्तर बढने र आफुहरुले सक्दो प्रयास गर्ने अभिव्यक्ति जाहेर गरिएको ।

- बोधराज बजगाई वि.ब्यवस्थापन अध्यक्ष

**५.२.८ विद्यालयको उपलब्धि स्तर बढाउने सम्बन्धमा धारणाः-**

धारणाको विकासमा विद्यार्थीको सहयोगी व्यक्ति शिक्षक हुन् । गीलो माटोबाट आकार बनाउने जिम्मेवारी शिक्षकले लिएको हुनु पर्दछ । आधुनिक परिभाषामा सहयोगी तथा सहजकर्ताको भूमिका शिक्षकले पूरा गर्नु पर्दछ । विद्यालयमा विद्यार्थी प्रवेश पश्चात विद्यार्थीको चौतर्फी विकासमा दिन-प्रतिदिन लागि पर्ने चिन्तित व्यक्ति विद्यालयका गुरु । हर क्षण हरदम विद्यार्थीलाई बुझाउने प्रयासमा निरन्तर अथक व्यक्ति शिक्षक । घरका आमाबुवाको जिम्मा शारीरिक र केही मानसिक चिन्तन गर्नु मात्र हुन्छ भने शिक्षकको जिम्मेवारी शतप्रतिशत मानसिक रुपले विद्यार्थीलाई विकसित गर्नु रहेको हुन पर्दछ । भनिन्छ, जबसम्म मनको आँखाले देख्दैन तबसम्म उसले केहि हेर्न र देख्न सक्दैन । शिक्षक त्यो मन मस्तिस्कको आँखा हुन् ।

वर्षभरि प्रयास, अभ्यास र राम्रो प्रतिफलको आशा शिक्षकको चाहाना हो । जुन विद्यार्थीको उपलब्धिले पूरा गर्ने गर्दछ । तर जब उपलब्धि न्यून स्तरको भइरहन्छ अनि शिक्षकले खोजी अनुसन्धान गर्न थाल्दछ । आखिर किन यस्तो प्रतिफल आयो? धेरै खोजी गरे अनुसार सबै प्रथम विद्यार्थीको घर, परिवार, आमाबुवाको पेशा, शिक्षा, संस्कार, संस्कृति जस्ता पक्षहरुसम्म तथा परिक्षा प्रणाली, अध्ययन विधि सबैलाई छुट्याएर समालोचना गरेर लाँदा आधार घर परिवारसम्म पुगेको र त्यसैसँग सम्बन्धित रहेको अधिकांश राय आएको हुनाले यस अध्ययनमा सम्लग्न सम्पुर्ण शिक्षकहरुले खोजमुलक, विद्यार्थी केन्द्रित शिक्षण सिकाई, निरन्तर विद्यार्थी मल्यांकन जस्ता विधिहरु प्रयोग गरी विद्यार्थीको उपलब्धि स्तर बडाउदै लैजाने राय दिनु भएको छ ।

**५.२.९ विद्यार्थी उपलब्धि प्रतिको धारणाः-**

सामुदायिक विद्यालयका १९ प्रतिशत अभिभावकहरु सजग भएको तथ्य जानकारी भए अनुसार कम विद्यार्थीलाई परिवारिक शैक्षिक सहयोग प्राप्त । विद्यार्थी उपलब्धिको सम्पुर्ण जिम्मेवारी विद्यालय र शिक्षकलाई दिइएको अवस्था । आफ्ना वालबालिकाको विषयहरु प्रति अनभिज्ञता । विद्यालय प्रति धेरै सकारात्मक तर विद्यालयसँग सम्पर्क विहिन । शिक्षकहरुसँग अपरिचित, विना अन्तरक्रिया, दोहोरो वार्ता नहुँदा विद्यार्थी सुस्त भएको उपलब्धि घटेको अवस्था थाहा पाएर पनि विद्यालय उपश्थित हुन नसकेको स्विकार गर्दै आउँदा दिनहरुमा यस्तो अवस्थामा सुधार ल्याउने चाहान ब्यक्त गर्नु भएको छ ।

**५.२.१० विद्यार्थीको नजरमा उपलब्धि सम्बन्धमा स्व-मुल्यांकनः-**

विद्यार्थी स्वयम्ले पनि आफ्नो उपलब्धि स्तर बडाउनुमा आफ्नो मेहनत, परिश्रम, घरको वातावरण लगायत अभिभावक शिक्षा पनि महत्वपुर्ण पाटो हो भन्ने कुराको अनुभूति गरेका छन् यस विषयमा भएको कक्षागत अन्तरक्रिया अभिभावक अन्तरक्रिया शिक्षक तथा ब्यवस्थापन समितिको कारण तथा अन्य भौतिक र वातावरण प्रभावले पनि आफु स्वयम् र आफ्नो उपलब्धि स्तरलाई घटाउन र बडाउन सहयोग पुरयाउने हुँदा सम्पुर्ण विद्यालयको वातावरण प्रति सचेत रहने कुराको जानकारी प्राप्त भएको छ ।

**५.२.११ उपलब्धि स्तर कम हुनका कारणहरुः**

विद्यार्थी उपलब्धि स्तर कमजोर हुनमा कसको महत्वपुर्ण भुमिका रहेको हुन्छ भन्ने प्रश्नमा विभिन्न सरोकारवाला ब्यक्ति, शिक्षक, विद्यार्थी तथा प्र.अ. कक्षा-शिक्षक, वि.ब्या.स.का पदाधिकारीहरुसँग छलफल अन्तरक्रिया र प्रश्नावली गर्दा आएका अभिब्यक्तिहरुलाई जस्ताको तस्तै भावमा तल प्रस्तुत गरिएको छ ।

| | |
|---|---|
| क. वि.ब्या.स.श्री बोधराज बजगाईका अनुसार : | १) विद्यालय प्रशासन |
| | २) शिक्षक |
| | ३) अभिभावक |
| ख. प्र.अ. श्री ऋषिराम खनालका भनाई अनुसार : | १) अभिभावक |
| | २) शिक्षक |
| | ३) विद्यार्थी |
| ग. शिक्षक श्री गीता खतिवडाका भनाई अनुसार : | १) विद्यार्थी |
| | २) अभिभावक |
| | ३) प्रशासक |
| घ. अभिभावक श्री मेनुका बरालका नजरमा : | १) शिक्षक |
| | २) प्रशासक |
| | ३) व्यावस्थापक |
| ङ विद्यार्थी श्री खगेन्द्र धमलाको धारणा : | १) आफु स्वयम् |
| | २) विद्यालयको वातावरण |

वास्तवमै बालवालिकाहरु मात्र यस्ता सत्यवान छन् जसले असफलताका कारण स्वयम् आफु हो भन्ने स्विकार गरेको देखियो । अन्य ब्यक्ति जो जिम्मेवार छन् जान्ने बुझ्ने छन् सवैले आफ्नो गल्ती कम र दोष अरुलाई औंल्याएको पाइयो । यथार्थमा त्यस्ता वालवालिकाहरुलाई उचित

वातावरण दिन नसक्ने सवै बुझेका जिम्मेवार ब्यक्तिहरुले नै बालवालिका जति सत्य स्विकार गर्न नसकेको तथ्य देख्न सकिन्छ । वि.ब्य.स., प्र.अ., शिक्षक र अभिभावक सवैको साझेदारी क्रियाकलाप र जिम्मेवार शिक्षा क्षेत्रका आधिकारिक ब्यक्तिहरुद्धारा नै उचित वातावरण बनाइदिन सके विद्यार्थी उपलब्धि स्तर बढेर जाने सत्यलाई छलफलको निस्कर्षमा ल्याई अब उप्रान्त स्वयम् आ-आफुले आफ्नो जिम्मेवारी र कर्तब्यलाई निष्ठा मानि आफ्ना विद्यार्थी वालवालिका र सम्पूर्ण विद्यालयलाई नै विकासको पुर्वाधारको रुपमा विकसित पार्ने उद्देश्यले वि.व्या.स., प्र.अ.शिक्षक र अभिभावक लागी परेर सहकार्य गर्ने सहमतिमा निम्न अनुसारका जिम्मेवारी स्वयम्ले लिने गरी विभिन्न कार्य योजनाहरु गर्ने गरी छलफल र अन्तरक्रिया कार्यक्रमलाई अन्त गरियो ।

वि.ब्या.स., प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरु विच भएको बैठक मिति २०७१/२/३० अनुसार तथा विभिन्न समयमा अभिभावक भेटघाट, विद्यार्थी प्रश्न तथा वि.ब्या..स., श्रोत ब्यक्ति र शिक्षकहरुसंग भएको अन्तरवार्ता छलफल र अन्तरक्रिया अनुसार विद्यालयमा विद्यार्थीका उपलब्धि स्तर न्यून हुनमा निम्न कुराहरुलाई प्राथमिकता र जिम्मेवारीको आधारमा आ-आफ्नो पक्षबाट सुधार गर्न सके विद्यार्थी उपलब्धि बढाउन सकिने निस्कर्षमा पुगि कार्यान्वयन गर्ने गरी वार्षिक कार्य योजना निर्माण गरियो ।

१. विद्यालय ब्यवस्थापन समितिबाट विद्यालयलाई आवश्यक आर्थिक, भौतिक तथा शैक्षिक सम्पूर्ण वातावरण सकेसम्म पुरा गरिदिने प्रतिबद्धता ।
२. विद्यालयको प्रशासकको जिम्मेवार ब्यक्ति प्र.अ.को तर्फबाट वि.ब्य.स.र सम्पूर्ण शिक्षकहरुको सहयोगले विद्यार्थी र विद्यालयको विकासमा गर्नु पर्ने कार्यहरुमा कुनै कमी हुन नदिने प्रतिबद्धता ब्यक्त ।
३. शिक्षक वर्गहरुबाट अभिभावक, विद्यार्थी तथा विद्यालय प्रशासन र वि.ब्य.सं.को सहकार्यमा आफ्ना जिम्मेवारी ससक्त योजना र कार्यान्वयन गर्ने कुराको प्रतिबद्धता ।
४. अभिभावक पक्षबाट सम्पुर्ण वि.ब्य.स., प्र.अ., शिक्षक र आफ्नो पनि उत्तिकै जिम्मेवार भूमिकाले मात्र आफ्ना विद्यार्थी वालवालिकाको उपलब्धि स्तर माथि उठाउन सकिने कुराको महसुस गर्दै विद्यालयमा सम्पर्क बढाउदै जिम्मेवारी पनि निर्वाह गर्ने प्रतिबद्धता ब्यक्त ।
५. विद्यार्थीले आफ्नो अनुशासन कायम गर्दै शिक्षक र अभिभावक दुवै पक्षले दिएका कार्यलाई पुरा गर्ने प्रतिबद्धता ब्यक्त ।
६. श्रोत ब्यक्ति तथा अनुगमनकर्ताहरुले पनि विद्यालय निरिक्षण गर्ने कार्यलाई नियमित र वारम्वारको मात्रा बढाई सम्पुर्ण शैक्षिक स्तर नै सुधार गर्नु पर्ने प्रतिबद्धता ब्यक्त गरियो ।

यसै अध्ययन क्रममा श्रोत ब्यक्ति जनक बस्नेत, वि.नि. देवेन्द्र मल्ल, प्रशिक्षक रामचन्द्र ढकाल, प्र.अ. ऋषिराम खनाल तथा वि.ब्य बोधराज बजगाईसम्ग भेटवार्ता अन्तरक्रिया छलफल र विद्यालय विकास सम्बन्धि धारणा राख्ने मौका प्राप्त भएको थियो । विद्यार्थीका अभिभावकरुको भेटघाट, अन्तरवार्तामा समावेश गरिएको नामावलीलाई पनि नमुना छनौट गरि निम्न अनुसार प्रस्तुत गरिन्छ ।

# परिच्छेद- ६

## प्राप्ति, निस्कर्ष र सुझावहरुः-

६.१. प्राप्तिः-

विद्यार्थीको सिकाइमा अभिभावक शिक्षाको प्रभाव अध्ययन गर्ने सन्दर्भमा अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुबाट प्राप्त तथ्यांक तथा सूचनाहरुको आधारमा अध्ययनको प्राप्तिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- यस अध्ययनको तथ्यांक अनुसार सामुदायिक विद्यालयहरुमा (१५ प्रतिशत) अभिभावकहरु आजको युगसम्म आइपुग्दासम्म साक्षर मात्र रहेको पाइयो । त्यसको तुलनामा संख्यागत विद्यालयमा भने कोहि पनि साक्षर मात्र शैक्षिक स्तर नभएको अभिभावकहरु रहेको तथ्य फेला पर्‍यो ।
- सामुदायिक विद्यालयमा १३.७ प्रतिशत अभिभावकहरुले प्राथमिक शिक्षा प्राप्त गरेको पाइयो भने २८ प्रतिशत अभिभावकहरु आधारभूत तहसम्म अध्ययनरत तथ्य फेला पर्‍यो । यसको तुलनामा सस्थागत विद्यालयमा ३६ प्रतिशत नि.मा.वि. भन्दा माथि र ६४ प्रतिशत अभिभावकहरु उच्च तथा ग्राजुएसन स्तरसम्म अध्ययनरत तथ्य प्राप्त भयो ।
- जम्मा १२ जना साक्षर अभिभावकहरुका बालबच्चाहरु मध्ये न्यून उपलब्धि स्तर तथा कक्षा उन्नति दर पनि कम भएको तथ्य प्राप्त भयो । यी १२ जना मध्ये १ जना मात्र विषय नलगाई उतिर्ण हुन सकेभने ७ जना अनुतिर्ण र ४ जना विषय लगाएर उतिर्ण भएको तथ्य छ ।
- प्रा.वि. तथा आधारभूत स्तरसम्म अध्ययनरत अभिभावकका वालवालिकाको उपलब्धि स्तर तुलनात्मक रुपमा बढेको र जम्मा ११ जना प्रा.वि.सम्म अध्ययनरत अभिभावकका ४ जना विद्यार्थी विषय नलगाई उतिर्ण भएभने ६ जना विषय लगाएर उतिर्ण हुन सफल भए र १ जना अनुतिर्ण हुन पुगेको तथ्य फेला परयो । नि.मा.वि.तहसम्म अध्ययनरत जम्मा २३ जना अभिभावकहरुका ३ जना विद्यार्थीहरु विषय नलगाई उतिर्ण भए १९ जना विषय लगाएर उतिर्ण भएभने १ जना विद्यार्थी अनुतिर्ण भएको तथ्य प्राप्त भएको छ ।
- मा.वि.स्तरसम्म अध्ययनरत ३७ जना अभिभावकका विद्यार्थीहरु मध्ये १२ जना विद्यार्थीले विषय नलगाई उतिर्ण हुन सके भने बाँकी २५ जना विषय लगाएर उतिर्ण हुन सफल भए र यस तहका अभिभावकहरुका कुनै पनि विद्यार्थी अनुतिर्ण नभएको तथ्य प्राप्त रहेको छ ।
- उच्च मा.वि. तहसम्म अध्ययनरत जम्मा २२ जना अभिभावकहरु मध्ये १८ जना विद्यार्थीहरु प्रथम र विशिष्ट श्रेणीमा कक्षा उतिर्ण गर्न सफल भएभने ४ जना विद्यार्थीहरु विषय लगाएर कक्षा उन्नति गर्न सफल भएका छन् । बालबालिकाको उपलब्धि स्तर अभिभावकको शैक्षिक स्तरसँगै बढेर गएको तथ्य यस अध्ययनले देखाएको छ । न्युनतम र प्रा.वि.सम्म अध्ययनरत

अभिभावकका बालबालिकाहरु बार्षिक रुपमा ३० देखि ३६ दिन सम्म विद्यालय उपस्थित नहुने तथ्य प्राप्त भएको छ ।

- मध्यस्तर अर्थात एस.एल.सी.सम्म अध्ययनरत अभिभावकका वालबालिकाहरु बर्षमा १५ देखि २४ दिनसम्म अनुपस्थित रहेको तथ्य प्राप्त भयो ।
- उच्च मा.वि. तथा उच्चस्तर सम्म अध्ययनरत अभिभावकका बालबालिकाका वार्षिक रुपमा १० देखि १२ दिनसम्म अनुपश्थित रहने तथ्य प्राप्त भयो ।
- पेशाको आधारमा सामुदायिक विद्यालयका ८२ प्रतिशत देखि ८७ प्रतिशत अभिभावकहरु रोजगारी कृषक तथा न्यून आयस्तर भएको तथ्य प्राप्त छ, त्यसको तुलनामा संस्थागत विद्यालयका ३६ प्रतिशत अभिभावकहरु मात्र न्यूनस्तर वा बैदेशिक रोजगारमा आधारित भएको अभिभावकहरु प्राप्त भएको छ ।
- नेपाल पुलिस तथा नेपाल आर्मी पेशा हुने १ देखि २ प्रतिशतसम्म विद्यार्थीहरु सामुदायिक विद्यालयमा पाइयो भने संस्थागत विद्यालयमा २८ प्रतिशतसम्म यस पेशामा आधारित अभिभावकहरु छन् ।
- ५ प्रतिशत अभिभावकहरु शिक्षा पेशामा आधारित बालबालिकाहरु सामूदायिक विद्यालयमा अध्ययन गर्ने गर्दछन् भने ८ प्रतिशत शिक्षकहरुका बालबालिकाहरु संस्थागत विद्यालयमा अध्ययनरत अवस्थामा पाइयो ।
- ५ प्रतिशत व्यापारीहरुले आफ्ना बालबालिकालाई सामूदायिक विद्यालयमा पठाउँदा रहेछन् भने १२ प्रतिशतले संस्थागत विद्यालयमा पढाँउदा रहेछन् ।
- विद्यालयको आवधिक तथा वार्षिक परीक्षाफल प्रकाशित हुँदा मुस्किलले २ प्रतिशत देखि १० प्रतिशत अभिभावकहरु सामूदायिक विद्यालयमा सम्पर्कमा आउने तथ्य फेला पर्दछ भने ९० प्रतिशत अभिभावकहरु विद्यालयमा सम्पर्क विहिन हुने गरेको पाइयो । यसको विपरित संस्थागत विद्यालयमा ८० प्रतिशत अभिभावक महिनै पिच्छे वा आवधिक परीक्षा पछि सम्पर्कमा आउने र २० प्रतिशत मात्र आवश्यक्ता अनुसार विद्यालयले सूचना गरेवापत विद्यालय उपश्थित भएको तथ्यांक छ ।
- सामूदायिक विद्यालयका अभिभावकहरु धेरै कम शैक्षिक स्तरका भएकाले १९ प्रतिशत अभिभावकले मात्र आफ्ना बालबच्चाको अध्ययन गर्ने विषयहरु थाहा पाउने तथ्य भने ८१ प्रतिशत अभिभावकहरु आफ्ना बालबालिकाले विद्यालयमा अध्ययन गर्ने विषय प्रति अनभिज्ञ रहेको जानकारी प्राप्त छ । यसको तुलनामा संस्थागत विद्यालयका ९६ प्रतिशत अभिभावकलाई

बालबालिकाले अध्ययन गर्ने विषय राम्ररी भन्न सक्ने छन् भने ४ प्रतिशतले मात्र राम्रो भन्न नसकेको तथ्य प्राप्त छ ।

- विद्यालय प्रशासनको नजरमा व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थी पूर्ण रुपमा सजग, कर्तव्यनिष्ठा, अनुशासित र नियमित भए विद्यालयको तथा विद्यार्थीको विकास राम्रो र उपलब्धि बढाउन सकिने राय प्राप्त छ ।
- विद्यालय व्यवस्थापन समितिको नजरमा शिक्षक र विद्यार्थीले नियमित भई कार्य गर्नाले उपलब्धि स्तर बढ्ने राय प्राप्त ।
- ८१ प्रतिशतसम्म सामूदायिक विद्यालयको अभिभावकहरुका शैक्षिक स्तर न्यून, पेशा र व्यावसाय लगायत गरीवी जस्ता समस्याले आफ्नो बालबालिकालाई उचित समय दिन नसकेको कुरा स्विकार गरेको पाइयो ।
- सामुदायिक विद्यालयका शिक्षकहरु १० प्रतिशत देखि १२ प्रतिशत विद्यार्थीहरु स्वतस्फुर्त नियमित, अनुशासित, मेहेनती तथा राम्रो संस्कार संस्कृतिमा विद्यालययको आचारसंहिता उल्लंघन नगर्ने, लगनशील विद्यार्थीहरु छन् भने बाँकी घरबाटै सहयोग पाउन नसकेका र उचित संरक्षण तथा लालनपोशन गर्न नसकेका विद्यार्थीहरु रहेको बताउनु भएको जानकारी प्राप्त छ ।
- विद्यार्थी स्वयम् आफ्ना अभ्यास र अनियमितताका कारण असफल भएको तथा विद्यालय र घरको वातावरणको सुधार भए आफ्नो उपलब्धि स्तर पनि बडने कुरामा विश्वस्त देखिएको तथ्य प्राप्त भयो ।

**६.२. निस्कर्ष :-**

अभिभावक शिक्षाले बालबालिकाको उपलब्धि स्तरमा प्रत्यक्ष प्रभाव पारेको पाइयो । त्यसैले विद्यार्थीको शैक्षिक, सामाजिक र चौतर्फी विकासमा विद्यालय, घरपरिवार र वातावरणको महत्वपुर्ण भुमिका रहने हुँदा सबै पक्षको कार्यावयन पक्षलाई चुस्त तन्दुरुस्त र सन्तुलन अवश्थामा राख्न सके विद्यार्थी उपलब्धि स्तर बडेर जाने निष्कर्श यस अध्ययनले देखाउँदछ ।

**६.३. सुझावहरु :-**

यस अध्ययनले विद्यार्थीको उपलब्धिमा विद्यालयसँगै अभिभावकहरुको प्रमुख भुमिका रहने तथ्य प्राप्त पछि निम्न सुझावहरु अभिभावक तथा सम्बन्धित सबै सरोकारवालाहरु समक्ष प्रस्तुत गर्दछ ।

### ६.३.१. प्र.अ.का सुझावहरुः-

- शिक्षकले कक्षामा पाठ योजना बनाई सिकाई क्रियाकलाप प्रभावकारी रुपमा गर्नु पर्दछ । जसले विद्यार्थीहरुको उपलब्धि स्तर बढदछ ।
- अभिभावकले आफ्ना बालबच्चाको विषयमा अत्यन्तै सुसूचित सम्बेदनशील भई विद्यालयको सम्पर्कमा आइ बुझ्दै रहनु पर्दछ ।
- सम्बन्धित निकाय र व्यावस्थापन समितिको दोहोरो नितिनियम र दवावका कारण विद्यालयमा अराजक अवस्था सृजना गराउन विशेध गरिनु पर्दछ ।
- विद्यालयको वातावरण स्वास्थ्य राखी भौतिक तथा आर्थिक प्रगतिको लागि सरकारको निति अक्षरस लागू गरिनु पर्दछ ।

### ६.३.२. शिक्षकका सुझावहरुः-

- एक शिक्षकले जति मेहेनत गरी विद्यार्थीलाई कक्षामा ज्ञान हाँसिल गराउन सक्दछ उति नै अभिभावकले आफ्ना वालबच्चालाई समय दिएर निगरानीमा राख्न सक्नु पर्दछ ।
- विद्यालय भन्दा पहिलो विद्यालय घर हो भन्ने चेतनाको विकास अभिभावकमा हुनु पर्दछ ।
- विषयगत रुपमा सिकाइमा सहयोग गर्न नसके पनि अनुसासन मर्यादा र आदर सम्मानको विषयमा अभिभावकले बालबच्चालाई ज्ञान दिन सक्नु पर्दछ ।
- शिक्षा कार्यलय व्यवस्थापन समिति र शिक्षाका अन्य माथिल्ला निकायहरुले शिक्षक जस्तो पवित्र पेशालाई आदर सम्मान र मर्यादित बनाइरहने कार्यक्रमहरु संचालन गरी शिक्षकहरुको उच्च मनोबल कायम गराईरहनु पर्दछ ।
- विद्यालयहरुमा निरन्तर अनुगमन लगायत अशल र कर्मठ शिक्षकको उचित मूल्याँकन र पुरस्कारको व्यावस्था गरिनु पर्दछ ।
- शिक्षकको व्यक्तिगत र संस्थागत मनोवलको विकासले मात्र गुणस्तरीय र दिगो शिक्षाको विकास भई विद्यार्थीका उपलब्धि स्तर उकास्न तत्पर हुनेछन् ।
- विद्यालय स्तरमा नै अभिभावक शिक्षा विषयलाई पाठ्यक्रममा समाबेश गरी चेतना फैलाउन सकिन्छ ।
- विद्यार्थीलाई अनिवार्य अनुगमन, भ्रमण गराउन आर्थिक सहयोग गर्नु गराउन पर्दछ ।

### ६.३.३. विद्यालय व्यवस्थापन समितिका सुझावहरुः -

- शिक्षक विद्यार्थी नियमित भई  पठन पाठन कार्य गर्नु पर्दछ ।
- बेला बेला अभिभावक भेला गराउनु पर्दछ ।

- अन्तरक्रिया कार्यक्रम राखी शिक्षक विद्यार्थी तथा विद्यालयका सम्पूर्ण गतिबिधिहरुको सवल तथा दुर्वल पक्षहरुको समिक्षा गरिनु पर्दछ ।
- स्थानीय सरकार, जिल्ला शिक्षा कार्यलय तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी शैक्षिक सुधारका तालिमहरु संचालन गराउनु पर्दछ।
- समय सापेक्ष आवश्यक विषयहरुलाई पाठ्यक्रममा समावेश गराउनु पर्दछ ।

### ६.३.४. **विद्यार्थीका सुझावहरुः-**

- घर तथा विद्यालयमा रमाइलो वातावरणमा सिकाई कार्य गर्न पाउनु पर्दछ।
- शिक्षकले धेरै बोझको रुपमा गृहकार्य र अन्य कार्य भन्दा प्रयोगात्मक तथा भ्रमण छलफल, तथा खेलको महत्वबाट सिकाई गराउनु पर्दछ ।
- शैक्षिक सामग्री तथा खेल्ने सामग्रीहरु विद्यालयमा प्रशस्त वितरण गराउनु पर्दछ ।
- सबै वालबालिका एउटै स्तरका हुँदैनन् आर्थिक, मानसिक, सामाजिक, विभिन्नताको हेक्का राखी सबैको भाषा, संस्कृति र संस्कारको जानकारी शिक्षकमा हुनु पर्दछ ।

## अनुसुची-६

### नमुना छनौटमा परेका विद्यार्थीका अभिभावकहरुको नामावली:

| क्र.सं. | विद्यार्थीको नाम | अभिभावकको नाम | ठेगाना | शिक्षा | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | बसनमाया राई ६ | जय बहादुर/मकरमाया राई | इटहरी-२६ | साक्षर | ९८११०८९०१० |
| २. | संदिप चौधरी ६ | श्रीचन/अनिता चौधरी | इटहरी-२६ | २, २ | |
| ३. | जानुका कार्की ६ | बोजराज/पवित्रा कार्की | इटहरी | ३, ० | ९८११४९१८३ |
| ४. | सुमित्रा दास ७ | गंगामुनी/शिवु दास | इटहरी २४ | ३, १ | - |
| ५. | सुमित्रा अधिकारी ६ | राजन/कमला अधिकारी | इटहरी-२ | ५, ० | - |
| ६. | वर्षा चौधरी ६ | नविन/सेती चौधरी | इटहरी-२ | ३, ० | - |
| ७. | रेखा ठकुरी ७ | नेत्र ब./लक्ष्मी ठकुरी | हासपोसा-१ | ७, ० | ९८१५३६१६४४ |
| ८. | इशा श्रेष्ठ ७ | गणेस/सीता श्रेष्ठ | इटहरी-५ | १०, ८ | ९८०४३९०६६६ |
| ९. | रोश्नी खतिवडा ६ | प्रेम/अनिता खतिवडा | हासपोसा-१ | १०, ८ | ९८४२३६९१३४ |
| १०. | दिनेश चौधरी ६ | सन्तलाल/चन्दी चौधरी | हासपोसा-१ | ७, ५ | - |
| ११. | हिकला भण्डारी ७ | भरतराज/तारा भण्डारी | आपगाछी-१ | १२, ८ | ९८४२११९१०४ |
| १२. | समीरा बराल ७ | चुणामणि/मेनुका बराल | आपगाछी-१ | ०, ७ | ९८०८६९५७५९ |
| १३ | सीता खड्का ७ | राजकुमार/विष्णुमाया | आपगाछी-१ | ९, ९ | ९८६२०१३९९८ |
| १४ | चन्दा शाह ७ | अशोक/गिता साह | आपगाछी-१ | १२, ९ | ९८०७०७०७१६ |
| १५ | जानकी खड्का | राम ब./पूणिमाया | हासपोसा-१ | ९, ५ | ९८४२०३६८७७ |
| १६ | एंगोमाया राउत ७ | भिम ब./जमुना राउत | इटहरी-२ | SLC, SLC | ९८१५३७१६८६ |
| १७ | डेनिसा निरौला ७ | धर्मराज/सविता निरौला | इटहरी-२ | +२,+२ | ९८४२१२०६७२ |
| १८ | खगेन्द्र धमला ७ | चन प्रसाद/देवी धमला | हासपोसा-१ | ६, ० | ९८१७३५३९८० |
| १९ | सविन बस्नेत ७ | भानुभक्त/शान्ति बस्नेत | इटहरी-२ | ०, ० | - |
| २० | गंगा चौधरी ६ | मदन/पुसनी चौधरी | हासपोसा-१ | ०, ० | ९८१२३९१०१४ |
| २१ | विजु अधिकारी ६ | नेत्र ब./बन्दना अधिकारी | इटहरी-२ | ८, ७ | ९८४२३२२२१६ |
| २२ | अभिषेक आले ७ | मनोज/शान्ति आले | हासपोसा-२ | ८, १० | ९८१४३०५३८० |
| २३ | सायावुङ्ग राई ६ | विष्णु/देवकुमारी राई | हासपोसा-२ | M.Com,M.Ed. | ९८०७३७७६०३ |
| २४ | सरु भुजेल | दुर्गानाथ/देवकुमारी भुजेल | बरगाछी-२ | १०, ८ | ९८०७३९१९७३ |
| २५ | यूनिसा कट्वाल ७ | शेर ब./मिना कट्वाल | इटहरी-२ | ८, ४ | ९८४९६०५५८७ |

# अनुसुची-५

## तालिका नं.५

### मा.वि तहसम्म अध्ययनरत अभिभावकहरुको विद्यार्थी उपलब्धि स्तर

| क्र. सं. | विद्यार्थीको नाम | ने. | अं. | ग. | वि. | सा. | पे. | कम | स्वा. | नै. | परिणाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १०० | १०० | १०० | १०० | १०० | १०० | १० | ५० | ५० | |
| १ | उमेश भट्टराई | ५५ | ३२ | ३२ | ६३ | ५४ | ४९ | ६३ | ३२ | ३४ | उर्तिण |
| २ | इशा श्रेष्ठ | ६६ | ५३ | ३२ | ६६ | ४४ | ५२ | ६५ | ३८ | ३७ | उर्तिण |
| ३ | कुमारी बस्नेत | ५४ | ६२ | २६ | ७३ | ४४ | ४६ | ६३ | ३३ | ३३ | १ विषय |
| ४ | जानकी खड्का | ६५ | ४२ | १० | ५४ | ४४ | ५० | ५६ | ३५ | ३५ | १ विषय |
| ५ | एगोमाया राउत | ५३ | ४६ | २३ | ६७ | ३२ | ३९ | ५३ | ३१ | ३१ | १ विषय |
| ६ | सुजन ठकुरी | ४१ | ५० | ०५ | ३६ | ३२ | ४० | ३५ | २६ | ३० | १ विषय |
| ७ | गोमा ढकाल | ३९ | २७ | ०७ | ३३ | १७ | ३२ | ३६ | २७ | २४ | ३ विषय |
| ८ | मात्रिका धमला | ४६ | १३ | ०३ | ३६ | २४ | ३३ | ४२ | २४ | २७ | ३ विषय |
| ९ | राधा चौधरी | ३३ | २२ | ०९ | ३३ | ११ | ३२ | ४१ | २१ | २४ | ३ विषय |
| १० | अभिशेख दाहाल | ३२ | १७ | ०४ | ३३ | १६ | ३२ | ४० | २० | २२ | ३ विषय |
| ११ | नबिन कार्की | ३२ | ३२ | ०३ | ३२ | १० | १४ | ३२ | १६ | १६ | ३ विषय |
| १२ | इशा तामाङ्ग | ५८ | ६३ | २८ | ६५ | २० | ४९ | ६५ | ३१ | ३३ | २ विषय |
| १३ | मनिष भुजेल | ६० | ६५ | १७ | ३७ | ३२ | ३७ | ६४ | ३० | २४ | १ विषय |
| १४ | लोजी लिम्बु | ४४ | ५० | ५६ | ५४ | ५० | ६१ | ६३ | ३९ | ३० | उर्तिण |
| १५ | डेनिसा निरौला | ५६ | ७८ | १७ | ६४ | ५८ | ६० | ५० | ३९ | ३७ | १ विषय |
| १६ | तेजप्रसाद पुरी | ४२ | ४१ | २२ | ५१ | ३६ | ६७ | ४३ | २४ | ३४ | १ विषय |
| १७ | सीता खड्का | ४७ | ४३ | १८ | ४९ | ५४ | ५९ | ४७ | २१ | ३५ | १ विषय |
| १८ | महेश चौधरी | २४ | ३७ | २६ | ३२ | ४२ | ५५ | ३२ | १७ | २५ | २ विषय |
| १९ | चन्दा शाह | ३२ | ४६ | १४ | ३२ | ३२ | ४६ | २१ | १९ | २४ | २ विषय |
| २० | भुमिका खतिवडा | ४२ | ५० | ०३ | ३२ | ४१ | ४३ | ३७ | २४ | २८ | १ विषय |
| २१ | अस्विन लुइटेल | ४२ | २६ | ०८ | ४४ | ४३ | ३५ | ४५ | १९ | २६ | २ विषय |
| २२ | सन्तोष निरौला | ३७ | ३२ | ०६ | ५५ | ३७ | ३४ | २८ | १६ | २१ | १ विषय |
| २३ | हितकला भण्डारी | ३६ | १९ | ३९ | ३६ | ५१ | ४४ | ३८ | १६ | २७ | १ विषय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | कविता अधिकारी | ३५ | २५ | ०५ | ४१ | ४१ | ४५ | ३५ | १६ | ३० | २ विषय |
| २५ | आकृति धिमाल | ३२ | १७ | ०८ | ३३ | ३७ | ३५ | ३२ | ५० | २२ | २ विषय |
| २६ | सरु भुजेल | ६५ | ८७ | ५७ | ६५ | ६१ | ६७ | ९१ | ३९ | ४० | प्रथम |
| २७ | यूमिका दाहाल | ५८ | ७४ | ८० | ७४ | ७६ | ९३ | ७१ | ३३ | ४१ | दोस्रो |
| २८ | सन्जिप पराजुली | ४६ | ६४ | ३८ | ७२ | ६२ | ७८ | ४३ | ३१ | ३६ | उर्तिण |
| २९ | पेशल खत्री | ६३ | ८४ | ८२ | ८५ | ८३ | ८२ | ८८ | ४३ | ४० | प्रथम |
| ३० | अभिशेख आले | ७३ | ६१ | ५९ | ८२ | ५६ | ६५ | ६८ | ३८ | ३९ | उर्तिण |
| ३१ | जानवी पोर्तेल | ६३ | ६२ | ६७ | ४६ | ४० | ६२ | ६८ | ४१ | ४० | उर्तिण |
| ३२ | दिपीका कट्वाल | ५४ | ७१ | ६५ | ६० | ७१ | ६८ | ८२ | ४२ | ४३ | उर्तिण |
| ३३ | अनुस्का गिरी | ५३ | ४९ | ६१ | ७२ | ६० | ६३ | ७२ | ४२ | ४३ | उर्तिण |
| ३४ | रोनियस गिरी | ५२ | ७२ | ६४ | ६७ | ६८ | ७५ | ८२ | ३६ | २५ | उर्तिण |

**श्रोतः सर्बेक्षण स्थल**

## सन्दर्भ सामग्रीहरुः-


- Senechal M & Lefevre (2002), Parental Involvement in the development of children reading skill.
- Desforges. C & Abouchaar (2003), The impact of Parental involvement, Parental Support, and family education on Pupil achievement and Adjustment.
- Berger E.H. (1981), Parent as Partner in Education.
- Best. John and Khan, James V (2000), Research in Education – 7th Edition.
- Kerlinger F.N. (1995), Foundation of Behavioral Research

- अधिकारी, चन्द्रमणि (२०६६/०६७), शिक्षा ऐन सातौ सन्सोधन, डिल्लीबजार, काठमाण्डौ जन प्रगतिशिल काठमाण्डौ
- खनाल पेशल, (२०६२) शैक्षिक अनुसन्धान पद्धति किर्तिपूर काठमाण्डौ, सनलाइट पब्लिकेसन
- काफ्ले दिपक(२०६५/०६६) शैक्षिक गतिविधि सुनसरी जिल्ला, शिक्षा कार्यलय र युनिसेफ विराटनगर
- शर्मा गोपीनाथ (२०५७) नेपालको शैक्षिक इतिहास, रत्नपार्क काठमाण्डौ, लुम्विनी प्रकाशन
- अभिभावक (२०५९) वार्षिक मुखपत्र, नेपाल राष्ट्रिय अभिभावक सघ, काठमाण्डौ
- विद्यालयका लागि शैक्षिक सूचनाहरुको संगालो (२०६९) सुनसरी
- शिक्षा विभाग (२०६५) शिक्षा मासिक पत्रिका काठमाण्डौ, शैक्षिक सूचना तथा व्यवस्थापन शाखा

## अनुसूची-१

प्रधानाध्यापकको लागि अर्न्तवार्ता प्रश्नहरु:

नाम:-

योग्यता:-

विद्यालयको नाम:-

१. विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुको रेकर्ड छ कि छैन?

.......................................................................................................................

२. अभिभावकहरुलाई बर्षमा कति पटक सम्पर्क गराउनु पर्दछ?

.......................................................................................................................

३. अभिभावक शिक्षाको अभिलेख छ कि छैन?

.......................................................................................................................

४. अभिभावक शिक्षा अभिलेख विद्यालयसँग हुनु आवश्यक छ? छैन?

.......................................................................................................................

५. अभिभावक शिक्षाले विद्यार्थीको उपलब्धिमा के कस्तो सहयोग पुऱ्याउन सक्दछ?

.......................................................................................................................

६. शिक्षीत अभिभावकको बालबच्चा र अशिक्षित अभिभावकको बालबच्चामा हुने फरकहरु के के हुन सक्दछन्?

.......................................................................................................................

७ शिक्षक-अभिभावक बीचको सम्बन्धले विद्यार्थीको व्यवहारमा ल्याउन सकिने परिवर्तन के के हुन सक्दछ?

.......................................................................................................................

८. कक्षागत रुपमा अभिभावक भेला गराउनु भएको छ कि छैन?

.......................................................................................................................

९. समस्या परेपछि मात्र अभिभावकको आवश्यक्ता पर्ने हो की विद्यार्थीको हरेक क्रियाकलापमा सुधार ल्याउन अभिभावकको आवश्यकता पर्दछ?

.......................................................................................................................

१०. अभिभावक र शिक्षक बीच के कस्ता सुविधाहरु छन्?

.......................................................................................................................

११. समस्याका समाधान कसरी हुन सक्दछ?

.......................................................................................................................

१२. निरन्तर रुपमा शिक्षक अभिभावक सम्पर्क गराउने योजना प्र.अ.ले बनाउन सकिन्छ? वा सकिदैन?

.......................................................................................................................

१३. कक्षा शिक्षक वा विषय शिक्षकले मात्र अभिभावक भेला वा भेटघाट कार्यक्रम राख्न सक्छ वा सक्दैन?

## अनुसूची-२

कक्षा शिक्षकसँगको अर्न्तवार्ता

नामः-

योग्यताः-

तहः-

विद्यालयको नामः-

१. विद्यार्थी अनुसासित रहनुमा अभिभावक शिक्षा आवश्यक हुन्छ?

.............................................................................................................

२. विद्यार्थीको अभिभावक अभिलेख छ कि छैन?

.............................................................................................................

३. अभिभावक शिक्षा अभिलेख छ कि छैन?

.............................................................................................................

४. अभिभावकको पेशागत अभिलेख राख्नु भएको छ?

.............................................................................................................

५. अभिभावकको सम्पर्क नं छ, छैन?

.............................................................................................................

६. विद्यार्थीले देखाउने ब्यवहार विद्यालय शिक्षाको प्रभाव हो या अभिभावक शिक्षाको प्रभाव हो?

.............................................................................................................

७. विद्यार्थी असफल हुनुमा क कस्को प्रमुख जिम्मेवारी हो?

.............................................................................................................

८. कस्ता विद्यार्थी बढी नियमित र अनुशासित छन्?

.............................................................................................................

९. तपाइले कति जना विद्यार्थीका अभिभावकसँग भेट गर्नु भएको छ?

.............................................................................................................

१०. कुनै अभिभावकले आफ्ना बच्चाको अवस्था बुझ्न तपाईसँग सम्पर्क गर्नु भएको छ कि छैन?

.............................................................................................................

## अनुसूची-३

विद्यार्थीका लागि अर्न्तवार्ताका प्रश्नहरु

नामः-

कक्षाः -

विद्यालयः-

१. आमाबुवाको शिक्षा कति छ? फोन नं. नी?

.....................................................................................................

२. आमा वा बुवाले घर काम गर्न कस्तो मद्दत गर्नु हुन्छ?

.....................................................................................................

३. अनुशासन भनेको के हो? भनेर कहिल्यै सम्झाउनु हुन्छ?

.....................................................................................................

४. शिक्षक वा गुरु भनेका को हुन्? भन्नुहुन्छ?

.....................................................................................................

५. कक्षामा बस्दा शिक्षकको सहयोग कसरी गर्नु हुन्छ?

.....................................................................................................

६. विद्यालयभित्रका सामग्रीहरुलाई हिफाजत गर्नु पर्छ, भन्नु हुन्छ कि हुन्न?

.....................................................................................................

७. विद्यालय गएर के के कुरा सिकेर आउनु भन्नु हुन्छ?

.....................................................................................................

८. सबै विषयको बारेमा र विषय शिक्षकहरुको बारेमा कस्तो प्रश्न गर्नु हुन्छ?

.....................................................................................................

९. सबै विषयको बारेमा बुवाआमाले कस्तो राय दिनु हुन्छ?

.....................................................................................................

१०. सरसफाईको बारेमा तिमीलाई के भन्नू हुन्छ?

.....................................................................................................

११. खेलकुद, गाउन, बजाउन पनि सिक भन्नु हुन्छ कि खेल्नु पर्दैन भन्नु हुन्छ?

.....................................................................................................

१२. पोषण, कुपोषण र रोगको बारेमा कस्तो धारणा राख्नु हुन्छ?

.....................................................................................................

## अनुसुची - ४

अभिभावकसँगको अर्न्तवार्ता

नामः-

ठेगानाः-

छोरा/छोरीको नामः- कक्षाः-

१. विद्यालयबाट आफ्ना बालबच्चाले के सिकोस भन्ने चाहना राख्नु हुन्छ?

..................................................................................................................

२. घरमा र विद्यालयमा दुवै ठाँउमा विद्यार्थीले सिक्नु पर्ने मूख्य कुरा के हुन सक्छ?

..................................................................................................................

३ अनुशासन र मेहेनतको बारेमा बच्चालाई घरमा केही सिकाउनु हुन्छ?

..................................................................................................................

४. आफुले कति कक्षासम्म अध्ययन गर्नु भएको छ?

..................................................................................................................

५. घरमा घरको काम गर्नमा कति सहयोग गर्नु हुन्छ?

..................................................................................................................

६. बालबालिका/छोराछोरी पढोस् जानोस भनि के के कुराको ख्याल गर्नु भएको छ?

..................................................................................................................

७. धारा, बत्ति, टि.भी, कम्प्यूटरको सुविधा छ कि छैन?

..................................................................................................................

८. पढने समय छुट्टयाइ दिनु भएको छ कि छैन?

..................................................................................................................

९. कति कक्षा सम्मका छोराछोरीलाई गृहकार्य गर्न सिकाउनु सक्नु हुन्छ?

..................................................................................................................

१०. कापी, कलम, पोशाक किन्न समस्या पर्छ कि पर्दैन?

..................................................................................................................

११..आफ्नो पेशा के हो?

..................................................................................................................

१२. आफ्नो वालबच्चामा नभै नहुने कुरा के हुन सक्छ?

.....................................................................................